# बज्रयान



प्रा. डा. नरेश मान बज्राचार्य

# बज्रयान

लेखक

प्रा. डा. नरेश मान बज्राचार्य

प्रकाशक

सुरेश शाक्य

२०७०

| | |
|---|---|
| प्रथम प्रकाशन | नेसं ११३२ (विसं २०६९ आषाढ पूर्णिमा)<br>ईसं २०१२ |
| द्वितीय संस्करण | नेसं ११३४ (विसं २०७० माघ)<br>ईसं २०१४ |
| | |
|---|---|
| सर्वाधिकार सुरक्षित : | लेखक © |
| | |
|---|---|
| प्रकाशक | सुरेश शाक्य |
| कभर/सेटिङ | क्यू ग्राफिक्स, पुल्चोक |
| मुद्रक | सुभाष प्रिन्टिङ्ग प्रेश<br>ललितपुर, नेपाल |
| आवरण फोटो | सुरेश शाक्य |

# धर्मदान

## कृतज्ञता – धन्यवाद – सुखावती कामना

जन्मनु, बृद्ध-बृद्धा हुनु, रोगी हुनु, मृत्यु हुनु, मनपर्ने सँग विछोडिनु, मन नपर्नेसँग बस्न पर्नु, आफुले भने जस्तो नहुनु, दुःख हो । संक्षेपमा भन्नु पर्दा "पञ्चोपादानस्कन्ध" नै दुःख हो भनिन्छ । यी भए शाक्यमुनि भगवान बुद्धले भन्नु भएको कटु सत्य । बुद्धले भन्नु भएको दुःख सत्यलाई सार संक्षेपमा भन्नु पर्दा "जीन्दगी नै दुःख" हो ।

दुःख त्यो बेला बढि साक्षात्कार हुँदो रहेछ । जब आफन्तहरुको मृत्यु हुन्छ । जन्मदाता ममतामयी पूज्यआमा योगलक्ष्मी शाक्य ७४ औं वर्षमा (२०५५।९।४ गते) दिवंगत हुनुभयो । स्नेही कान्छी फुपु सुश्री धर्म कुमारी शाक्य ७५ औं वर्षमा (२०६१।५।१३ गते) दिवंगत हुनुभयो । स्नेही ठूली फुपु सुश्री उत्तर कुमारी शाक्य, ८८ औं वर्षमा (२०६२।१०।२ गते) दिवंगत हुनुभयो । जन्मदाता प्रातः स्मरणीय पूज्य बुबा मिश्री शाक्य ८४ औं वर्षमा (२०६३।?।४ गते) दिवंगत हुनुभयो । शोकाकुल भएर धेरै वर्ष बिताइयो । तर पनि शोकले पछ्याउन छोडेन । स्नेही माइली फुपु सुश्री सेत कुमारी शाक्य ९५ औं वर्षमा (२०७०।७।२१ गते) दिवंगत हुनुभयो ।

दिवंगत आफन्तहरुको गुणानुस्मृति गर्दै बस्दा उहाँहरुको स्मृतिमा नेपालको बौद्ध धर्म बज्रयान सम्बन्धी एक पुस्तक छापी धर्मदान दिन पाए उत्तम हुन्थ्यो भन्ने मनमा लाग्यो । परिवारका सदस्यहरुसँग सर-सल्लाह भयो सबैले मतैक्यता जनाए । पुस्तक भनेको यस्तो साधन हो जुन एउटै मात्र भए पनि धेरै ले प्रयोग गरी ज्ञान पाउन सक्दछन् । नेपालको बौद्धधर्म बज्रयान ऐतिहासिक रुपमा धेरै महत्वपूर्ण छ र संस्कृतिमा धेरै धनी छ । तसर्थ नेपालको बौद्ध धर्म बज्रयानका गुरु प्रा. डा. नरेश मान बज्राचार्यज्यूमा बज्रयान सम्बन्धी नयाँ पुस्तक लेखी दिनु हुन निवेदन गरें ।

गुरु डा. बज्राचार्यज्यूको "बज्रयान" नामक पुस्तक त्रिरत्न प्रकाशनबाट प्रकाशित भएर पनि पुस्तक छिट्टै सकिसकेको र उही पुस्तकको दोश्रो संस्करण

प्रकाशन भएमा धेरै नेपालीहरुले बज्रयान बुझ्न पाउने कुरा बताउनु भयो र एक प्रति पुस्तक पनि दिनुभयो। पुस्तकको केही पानाहरु पढे र चित्त बुझ्यो। केही संस्करणका साथ आज यो पुस्तक "बज्रयान" को दोश्रो संस्करण धर्मदान स्वरुप तपाईहरुको हातमा छ। आशा लिएको छु – यस पुस्तकको अध्ययनबाट तपाईहरुले बज्रयानका प्रमुख केही सिद्धान्त र केही अभ्यासका कुराहरु बुझ्नु हुने छ। जसले गर्दा नेपालको बौद्ध धर्म बज्रयानको पृष्ठभूमिको ज्ञान हुनेछ।

यो पुस्तक धर्मदानका लागि अनुमति दिनु हुने पुस्तकका लेखक गुरु प्रा. डा. नरेश मान बज्राचार्यज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

यस पुस्तकको प्रकाशनका लागि सर-सल्लाहमा सहयोग पुर्‍याउनु हुने निनी रमोला देवी बज्राचार्य र दिल शाक्यलाई धन्यवाद दिन्छु। यस पुस्तकलाई आफ्नै प्रेसमा छापी सहयोग पुर्‍याउनु हुने ज्वाईहरु सुभाष नरसिंह, किरण नरसिंह, भान्जा सलिम, त्रिलोक, निराजन, सिरिष र भान्जा-बुहारीहरु, भान्जी कृपा शाक्य, प्रेसका सम्पूर्ण कर्मचारी तथा कम्प्युटर सेटिङ गर्ने क्यू ग्राफिक्स पुल्चोकलाई पनि हामी सपरिवार धन्यवाद दिन चाहन्छौं।

अन्तमा यस बज्रयान पुस्तकको दोश्रो संस्करण प्रकाशन एवं धर्मदानको पुण्यको प्रभावले हाम्रा बज्यै दिवंगत हर्ष माया, आमा योगलक्ष्मी, बुबा मिश्री, ठुली फुपु उत्तर कुमारी, माइली फुपु सेतकुमारी, कान्छी फुपु धर्मकुमारी शाक्यको सुखावती भुवनमा वास होस भन्ने कामना गर्दछौं।

सुरेश शाक्य

श्रीमती भिमा शाक्य

बहिनी विजय लक्ष्मी

हसना शाक्य

छोरा सुजिन

छोरी सुजिना

बुहारी रिजु



# दिवंगत सेत कुमारी शाक्य

जन्मः वि.सं. १९७६ माघ १३ गते सोमबार (श्रीपञ्चमी)

स्व.२०७० ७ २१



**स्व. हर्षमाया शाक्य**
स्व.: २०१६ साल



**स्व. मिश्री शाक्य**
स्व.: २०६३ १ ४ गते



**स्व. योगलक्ष्मी शाक्य**
स्व.: २०५५/९/४ गते



**स्व. उत्तरकुमारी शाक्य**
स्व.: २०६२ १० ३ गते



**स्व. धर्मकुमारी शाक्य**
स्व.: २०६१/५/१३ गते

# शुभ-आशिका

यस बज्रयान पुस्तक पहिलो प्रकाशनको लगत्तै केही दिन मै सबै पुस्तकको बिक्रि वितरण भई पुस्तक सकिएको थियो। जसले गर्दा पाठकवर्गहरुको माग धान्न सकिएको थिएन र दोश्रो संस्करणको माग टड्कारो भइरहेको थियो।

एक दिन कान्तिपुरका एक प्रसिद्ध महाविहार मञ्जुश्रीनक महाविहार (विकमाबहा) का सर्वसंघ (बिहारका सदस्य) श्री सुरेश शाक्य जो बौद्ध अध्ययन विषयका अध्येता हुनु हुन्छ साथै नेपालको बौद्ध धर्म संस्कृतिको संरक्षण संवर्द्धन गरिनु पर्दछ भन्ने सदाशयता राख्नु हुन्छ, वहाँले बज्रयान सम्बन्धी एक पुस्तक धर्मदान गर्ने इच्छा प्रकट गरी एक पुस्तक लेखिदिन अनुरोध गर्नु भएको थियो। त्यसबखत नयाँ पुस्तक लेखी प्रकाशन गर्नु भन्दा पनि पाठक वर्गको माग रहिरहेको प्रकाशित भइ सकेको "बज्रयान" पुस्तक लाई पुनः प्रकाशन गरिदिए अति राम्रो हुने कुरा ब्यक्त गरेको थिएं। मेरो विचारलाई सहमति जनाउँदै शाक्यज्यूले यो दोश्रो संस्करण प्रकाशनमा सहयोग पुऱ्याउनु भएको छ। यस संस्करणलाई वहाँले आफ्नो दिवंगत फुपु सेतकुमारी शाक्य, बज्यै हर्षमाया शाक्य, ठुली फुपु उत्तरकुमारी शाक्य, पिता मिश्री शाक्य, माता योगलक्ष्मी शाक्य र कान्छी फुपु धर्मकुमारी शाक्यको स्मृतिमा धर्मदान स्वरुप प्रदान गर्नु भएको छ। यस धर्मदानको पुण्यले दिवंगत वहाँहरु सबैले सुखावती भूवनमा वास होस र अन्तमा उहाँले अनुत्तर सम्यक्संबोधिफल लाभ गर्न सकुन् भन्ने आशिका गर्दछु। साथै आफ्ना दिवंगत पूर्वजहरुका स्मृतिमा पुस्तक प्रकाशन गरी धर्मदान गर्नु भएकोमा सधन्यवाद सुरेश शाक्य लगाएत संम्पूर्ण परिवारको सु-स्वास्थ्य एवं दीर्घायुको शुभ आशिका गर्दछु।

लेखक

# भूमिका

बुद्धधर्मको विकासको क्रममा जन्मिएको बज्रयान आफ्नो उद्‌गमस्थल प्राचीन भारतबाट बिलुप्त हुन गयो । तर यसले नेपालमा लिच्छविकालदेखि नै निरन्तरता पाउँदै आएको छ भने उहिले नै चीन, कोरिया, जापान, तिब्बत र अन्य देशहरूमा प्रसिद्धि प्राप्त गरेको पाइन्छ जसको फलस्वरुप ती देशहरूमा बज्रयानका जीवित परम्पराहरू देख्न पाइन्छ । वर्तमान युगमा तिब्बती बौद्ध परम्पराका कारण यूरोप र अमेरिकामा समेत बज्रयानको प्रसिद्धि छाएको छ । बौद्धधर्म दर्शन अभ्यासको क्रममा बज्रयान एक आकर्षक विषयको रूपमा स्थापित भइरहेको छ ।

जति मात्रामा बज्रयान जिज्ञासाको विषय बनि रहेको छ त्यति नै मात्रामा बज्रयान सम्बन्धी सत्य भन्दा फरक, हुनु पर्ने भन्दा अतिसयोक्तिका कुराहरू पनि आइराखेका छन् । तान्त्रिक र गुह्य शब्द प्रयोग गरेर बज्रयानको यथार्थलाई जिज्ञासु व्यक्तिहरूको "बुझाइको भन्दा माथि" (Beyond the Understandi) बनाई जिज्ञासुहरूलाई हतोत्साहित गर्दै लगिरहेको पनि पाईन्छ ।

बज्रयानको मूलग्रन्थ विना अध्ययन र आधिकारिक श्रोत व्यक्तिहरूको सत्संग विना बज्रयानलाई आलोचनाको विषय बनाइ आइराख्नेहरू पनि नभएको होईन ।

बज्रयान सम्बन्धी यथार्थलाई प्रकाशित गर्ने उद्देश्यले "बज्रयान" नाम यस ग्रन्थलाई प्रकाशनमा ल्याइएको छ । यस ग्रन्थलाई तीन अध्यायमा विभक्त गरिएको छ ।

प्रथम अध्यायमा सम्यक्संबुद्धयान, महायान र बज्रयान एक अर्काको पर्यायवाची शब्दका रूपमा पुष्टि गर्दै बज्रयानको इतिहास अर्थ परिभाषा र सिद्धान्त विषयमा उल्लेख गरिएको छ ।

दोश्रो अध्यायमा बज्रयानमा आधारित विभिन्न समाधि-योगहरू र तिनीहरूका क्रमिक प्रकृयाहरू प्रस्तुत गरिएको छ ।

तेश्रो अध्यायमा बज्रयानमा पञ्चबुद्धको अवधारणा विषयमा चित्रण गरिएको छ ।

एक छोटो उपसंहारले समाप्त गरिएको यो ग्रन्थ बज्रयान विषयका अध्येता तथा भावि अनुसन्धानकर्ताहरूलाई विशेष उपयोगी हुने कुरामा विश्वास छ ।

बज्रयानको मूलग्रन्थ-तन्त्रहरूका आधारमा र गुरु-शिष्य परम्परामा आधारित अभ्यासको आधारमा तयार पारिएको यो ग्रन्थ आकारमा सानो एवं छोटकरी मै भएता पनि बज्रयानको सामान्य तर यथार्थ ज्ञान प्रकाश पार्न सफल हुने कुरामा विश्वस्त छु ।

दोश्रो संस्करण बारे केही कुराः-

प्राय "बज्र" शब्दको अघिल्लो अक्षर "व" लेख्ने गरिन्छ र "ब" लेखिएमा गलत मान्ने चलन छ । यस्तो मान्नुको कारण उपलब्ध संस्कृत शब्दकोषहरूमा 'वज्र' लेखिएको पाइनाले हो । तर बज्रयान बौद्ध धर्मको सन्दर्भमा 'बज्र' नै लेखिनु उपयुक्त देखिन्छ । किन भने बज्रयानमा बज्र शब्द एक मन्त्रपद हो अर्थात् मन्त्र सिद्धान्त एवं मन्त्रविधाको मन्त्राक्षर पदसँग सम्बन्धित छ । जस अनुसार बज्र लेखिनु पर्ने परम्परा रहेको छ । तसर्थ यस पुस्तकमा "बज्रयान" शब्द लेखिएको छ ।

यस पुस्तकको दोश्रो संस्करणमा भाषागत शुद्धिका साथै मन्त्रनयको मन्त्रसिद्धान्तको आधिकारीकतालाई थप पुष्टि गर्ने सामग्री थपिएको छ । त्यस्तै बज्रयान भित्रका शब्द-वाक्यका गुह्य अर्थका केही नमूनाहरू पनि दिइएका छन् । जुन कुराले पाठकवर्ग लाभान्वित हुने विश्वास लिइएको छ ।

यस संस्करणका लागि भाषागत शुद्धिमा मद्दत पुऱ्याउनुहुने मित्र श्री कृष्ण प्रसाद भट्टराई (भू.पू. सांसद) र प्रुफ हेरिदिनु हुने, मित्र श्री उत्तम बज्र बज्राचार्य धन्यवादका पात्र हुनुहुन्छ ।

लेखक

# विषय सूची


| | | |
|---|---|---|
| अध्याय एक : बज्रयान | | १ |
| १:१ | सम्यक्सम्बुद्धयान | ३ |
| १:१:१ | महायान | ४ |
| १:१:२ | पारमिताचर्या | ४ |
| १:१:३ | उपायकौशल्य | ५ |
| १:१:४ | प्रज्ञा : शून्यता तथा चित्तमात्रता | ५ |
| १:२ | बज्रयानको इतिहास | ५ |
| १:२:१ | पारमितानय | ६ |
| १:२:२ | मन्त्रनय | ७ |
| १:२:२:१ | शब्दार्थ | ७ |
| १:२:२:२ | मन्त्रनयको मन्त्र सिद्धान्त | ८ |
| १:२:२:३ | मन्त्रयानमा लोकसंवृत्तिसत्य | ८ |
| १:२:२:४ | मन्त्रयानमा परमार्थसत्य | ८ |
| १:२:२:५ | मन्त्रनयका विविध पक्षहरू | १० |
| १:३ | बज्रयानको अर्थ र परिभाषा | ११ |
| १:३:१ | शब्दार्थ | ११ |
| १:३:२ | परिभाषा | १२ |
| १:३:३ | बज्रयानको दार्शनिक सिद्धान्त तथा मान्यताहरू | १६ |
| १:३:३:१ | सर्वप्रकारं जगतो हिताय | १७ |
| १:३:३:२ | येन बन्ध्यते, तेनैव मुच्यन्ते | १९ |
| १:३:३:३ | उपभोगेन क्षयं (न परित्यागेन) | २० |
| १:३:३:४ | विषेण स्फोटयेद् विषम् | २१ |
| १:३:३:५ | संसारमेव निर्वाणम् | २१ |
| १.४ बज्रयान - गुह्ययान | | २२ |
| १:४:१ | गुह्ययान – बज्रयान भित्रका गुह्यतत्वहरू | २४ |
| १:४:२ | बज्रयान भित्रका बाह्य र गुह्य देव – देवी | २६ |
| १:४:३ | बज्रयान भित्रका गुह्य शब्द र अर्थ | २७ |
| १:५ तथागतगर्भ र बज्रयान | | २८ |
| १:६ बज्रयानमा अभिषेक | | ३० |

| | | |
|---|---|---|
| **अध्याय दुई : बज्रयान समाधि** | | ३१ |
| **२:१ विषयमा आधारित समाधि योगहरू** | | ३१ |
| २:१:१: | चण्डालीयोग | ३१ |
| २:१:२ | उत्क्रान्तियोग | ३१ |
| २:१:३ | बल्यार्चनयोग तथा महाबल्यार्चन योग | ३२ |
| २:१:४ | श्मशानयोग | ३२ |
| २:१:५ | महायोग तथा सूक्ष्मयोग | ३२ |
| २:१:६ | बिन्दुयोग | ३३ |
| **२:२** | **इष्टदेवमा आधारित समाधि-योगहरू** | ३३ |
| **२:३** | **बज्रयान समाधि-योगका क्रम, चरण तथा अंग** | ३४ |
| २:३:१ | समाधि-योगका क्रमहरू | ३४ |
| २:३:२ | त्रिसमाधि | ३५ |
| २:३:३ | चतुर्विध उपाय | ३५ |
| २:३:४ | षडंगयोग | ३५ |
| २:३:५ | हठयोग | ३६ |
| **२:४** | **समाधि योगका क्रियात्मक तथा योगात्मक क्रमिक प्रक्रियाहरू** | ३७ |
| २:४:१ | क्रियातन्त्र | ३७ |
| २:४:२ | चर्यातन्त्र | ३८ |
| २:४:३ | योगतन्त्र | ३८ |
| २:४:४ | अनुत्तरयोगतन्त्र | ३९ |
| **अध्याय तीन : बज्रयानमा पञ्चबुद्धको अवधारणा** | | ४० |
| ३:१ | पञ्चमहाभूत, पञ्चरङ्ग र पञ्चबुद्ध | ४३ |
| ३:२ | पञ्चेन्द्रिय, पञ्चविषय र पञ्चबुद्ध | ४४ |
| ३:३ | पाँच दिशा र पञ्चबुद्ध | ४७ |
| ३:४ | पञ्चकुल र पञ्चबुद्ध | ४७ |
| ३:५ | भ्रूणको पाँच अवस्था र पञ्चबुद्ध | ४९ |
| ३:६ | यौगिकचक्र र पञ्चबुद्ध | ५० |
| ३:७ | पंचबुद्ध र पंचबुद्धका चिन्हहरू | ५१ |
| ३:८ | पञ्चबुद्ध र पञ्चज्ञान | ५२ |
| **उपसंहार** | | ५५ |
| **सन्दर्भ ग्रन्थहरू** | | ५७ |

# अध्याय एक

## वज्रयान

सिद्धार्थ गौतमले सम्यक्सम्बोधि प्राप्त गर्नु भएपछि उहाँ सम्यक्सम्बुद्ध कहलिनु भयो । उहाँ बुद्धले दिनु भएको धर्मोपदेश सुनेर कोहीले श्रावक बोधि लाभ गरे, कोही भविष्यमा प्रत्येक बोधि लाभ गर्न सक्ने भए भने कोही भविष्यमा सम्यक्सम्बोधि लाभ गर्न सक्ने भए भन्ने कुरा बौद्ध ग्रन्थहरूमा पढ्न पाईन्छ ।[1] त्यसैले बौद्ध मान्यता अनुसार सवभन्दा ठूलो ज्ञान "बोधिज्ञान" हो । बोधिज्ञान पनि तीन प्रकारका छन् भन्ने तथ्य स्पष्ट हुन आउँछ । ती तीन प्रकारका बोधिज्ञान अर्थात् त्रिबोधि क्रमशः श्रावकबोधि, प्रत्येकबोधि र सम्यक्सम्बोधि हुन् ।

ती तीन प्रकारका बोधिज्ञान प्राप्त गर्ने भिन्न भिन्न तीन माध्यमहरू (मार्गहरू) रहेको तथ्यपनि निर्विवाद सिद्ध छ । त्यसकारण तीन प्रकारका बोधिज्ञान प्राप्त गर्ने तीन प्रकारकै माध्यमहरू अर्थात् यानहरू रहेका छन् । ती हुन् :- श्रावकयान, प्रत्येकबुद्धयान र सम्यक्सम्बुद्धयान ।[2] उपरोक्त तीन प्रकारका बोधिज्ञान र सो प्राप्त गर्ने यानहरूको तुलनात्मक रुपमा अध्ययन गर्दा र सापेक्षिक रुपमा भन्नुपर्दा श्रावकबोधि र प्रत्येकबोधि, ती बोधि प्राप्त गर्ने श्रावकयान र प्रत्येकबुद्धयान "हीन" (निम्न कोटी) अनि सम्यक्सम्बोधि र सम्यक्सम्बोधियान नै सवभन्दा "महान" (उच्चकोटी) ठहरिन्छ । त्यसैले सम्यक्सम्बुद्धयान कालान्तरमा "महायान" नामले प्रसिद्ध भयो । तसर्थ सम्यक्सम्बुद्धयानको अर्को नयाँ नाम नै "महायान" हुनपुग्यो । महायानी पक्षधरहरूले महायानमा आचार र

---

१ पि.एल.वैद्य (सं), अवदान-शतकम् (दरभंगा : मिथिला विद्यापीठ, १९५८), पृ. ३० ।

***कैश्चिच्छ्रावकबोधौ चित्तान्युत्पादितानि, कैश्चित्प्रत्येकबोधौ, कैश्चिदनुत्तरायां सम्यक्सम्बोधौ ।***

२ नरेश मान वज्राचार्य (सं), षड्रङ्गल्लकृतभाष्योपेत नागार्जुनपादविरचित धर्मसंग्रह, प्रथम भाग (काठमाडौं : त्रिरत्न प्रकाशन, वि.सं. २०६२), पृ. ५ ।

***त्रीणि यानानि । तद्यथा- श्रावकयानम्, प्रत्येकबुद्धयानम्, महायानं चेति ।***

विचार अर्थात् चर्या र दार्शनिकपक्षमा महानता, विपुलता, उदारता, व्यापकता, विशालता, गाम्भीर्यता आदि भएको पुष्टि गर्ने प्रयास गर्दै आइ राखेका छन् । महायान सिद्धान्त अनुसार चर्या गर्ने व्यक्तिलाई बोधिसत्व भनिन्छ । त्यसैले महायान भनेको बोधिसत्वहरूले अवलम्वन गर्ने "यान" भएकोले त्यसलाई "बोधिसत्वयान" पनि भनियो । यहाँ "यान" शब्द गन्तब्य स्थान सम्म पुग्ने माध्यमको अर्थमा प्रयोग भएको हो । बोधिसत्वहरूले सम्यक्सम्बोधि प्राप्त गर्नका लागि प्रमुखरुपमा दानादिपारमितालाई मुख्य माध्यम बनाएकाले सो सम्यक्सम्बुद्धयान पछि फेरि "पारमितायान" ले प्रसिद्ध भयो ।

अन्तिम लक्ष्य सम्यक्सम्बुद्ध बन्ने माध्यम भएकोले "सम्यक्सम्बुद्धयान", चर्या र दर्शनमा विविध दृष्टिकोणले महानता भएका माध्यम भएकोले "महायान", सम्यक्सम्बुद्ध हुनुपूर्व बोधिसत्व भएर बोधिसत्व चर्या गर्नुपर्ने अर्थात् बोधिसत्वको माध्यमबाट सम्यक्सम्बुद्ध हुने भएकाले "बोधिसत्वयान" र बोधिसत्वले पारमिताचर्याको माध्यमबाट सम्यक्सम्बोधि लाभ गर्ने भएकाले "पारमितायान" जस्ता नयाँ नयाँ नामहरू थपिन्दै गएका हुन् जुन स्वाभाविक छ । तसर्थ महायान, बोधिसत्वयान र पारमितायान यी तीनै शब्दहरू भिन्ना भिन्नै यानहरू नभई सम्यक्सम्बुद्धयानका पर्यायवाची शब्दहरू मात्र हुन् ।

महायानमा उपायबहुलता अर्थात् विपुलमात्रामा उपायहरूको बृद्धि हुने क्रममा "मन्त्रसिद्धान्त" तथा अभ्यास पनि एक छुट्टै उपायको रुपमा थपिन पुग्यो । यसरी मन्त्रसिद्धान्त तथा अभ्यासको माध्यम (मन्त्रयान)ले पनि सम्यक्सम्बोधि लाभ गर्न सकिन्छ भन्ने कुरोले मान्यता पाएदेखि "मन्त्रयान" पनि महायानको अभिन्न अंग बन्न पुग्यो । त्यति मात्रै होईन महायानमा मन्त्रयानले प्रवेश वा मान्यता पाए देखि महायान नै दुई प्रकारका छन् सम्म पनि भन्न थालियो ।[३] जुन यस प्रकारका छन् :–

३ बी. भट्टाचार्य (सं), अद्वयवज्रसंग्रह (बरोडा : ओरियन्टल इन्स्टिच्यूट, १९२७), पृ. १४ ।
*महायानं च द्विविधम् , पारमितानयो मन्त्रनयश्चेति ।*

क) पारमितानय महायान

ख) मन्त्रनय महायान

उपरोक्त पारमितानय र मन्त्रनयको एकात्मक रुप नै "बज्रयान" हो ।[४] अन्ततोगत्वा सम्यक्सम्बुद्धयान, महायान र बज्रयान एक अर्काको पर्यायवाची शब्द मात्रै हुन् भन्ने तथ्य सिद्ध हुन आउँछ । तर ती तीनै यान एकै भए पनि कालक्रमको दृष्टिकोणले ती तीनै यानले भिन्ना भिन्नै विशेषताहरू बोकेका छन् ।

## १:१ सम्यक्सम्बुद्धयान

सम्यक्सम्बुद्धयान भएकाले अतीतमा पनि सम्यक्सम्बुद्धहरू थिए भने भविष्यमा पनि सम्यक्सम्बुद्धहरू हुने छन् । जस्तो कि दीपंकर आदि सिद्धार्थ गौतम पर्यन्त अतीतका बुद्धहरू हुन् भने मैत्रेय बोधिसत्व अनागत सम्यक्सम्बुद्ध हुन् । मैत्रेय बोधिसत्वका अलावा धेरै अनागत सम्यक्सम्बुद्धहरूको व्याकरण (भविष्यवाणी) का विषयमा बौद्धग्रन्थहरूमा पढ्न पाईन्छ । त्यसकारण सम्यक्सम्बुद्धयान आदि र अन्तविहिन (Primordial) र इतिहास भन्दा माथि (Beyond the History) छ । अतीतका सम्यक्सम्बुद्धहरूले आ-आफ्नो जीवनकालमा सम्यक्सम्बोधियान सम्बन्धी धर्मोपदेश दिनु भएको छ, भविष्यका सम्यक्संबुद्धहरूले सम्यक्संबुद्धयान संबन्धी धर्मोपदेश दिनुहुनेछ भन्ने कुरा "यत्र धूम्र तत्र अग्नि" (जहाँ धूवाँ छ, त्यहाँ आगो छ) समान अनुमान–प्रमाण सिद्ध छ । दीपंकर बुद्धले सुमेध ऋषि भविष्यमा "शाक्यमुनि" नामका बुद्ध हुने व्याकरण भए अनुसार सुमेध ऋषि "शाक्यमुनि बुद्ध" हुनुभयो । शाक्यमुनि बुद्धले पनि मैत्रेय बोधिसत्व भबिष्यमा बुद्ध हुने व्याकरण गर्नु भएको छ । यस विषयमा सम्पूर्ण बौद्ध निकायहरूमा मतैक्यताका साथ अगाध विश्वास छ । यी कुराहरूले सम्यक्संबुद्धयानको अस्तित्व र महत्वलाई प्रकाश पार्दछ ।

---

४ बज्र बल्लभ द्विवेदी, ठिनलेराम शाशनी (सं) बौद्धतन्त्रकोश भाग १ (सारनाथ : दुर्लभ बौद्धग्रन्थ शोध योजना, केन्द्रीय उच्च तिब्बती शिक्षा संस्थान, १९९०) पृ. २०८ ।

*बज्रमभेद्यच्छेद्य महर्विति । तदेव यान मन्त्रनय पारमितानय फलहेत्वात्मकम् एकलोनिभूतम् ।*

### १.१.१ महायान

माथि उल्लेखित भइसकेको छ सम्यक्सम्बुद्धयानमा विविध दृष्टिकोणले महान् गुण भएकाले उक्त यान नै कालान्तरमा "महायान" नामले प्रसिद्ध भयो । सिद्धार्थ गौतम बुद्धको महापरिनिर्वाण भएर पनि धेरै समयपछि श्रावकयानलाई हीनयान र सम्यक्सम्बुद्धयानलाई "महायान" भनेर नामाकरण गर्नेहरू सम्यक्सम्बुद्धयानका पक्षधर हुन् जसले आफूलाई सम्यक्सम्बुद्धयानीको अतिरिक्त महायान पक्षधर पनि भन्न रुचाए । यसरी आफूले अवलम्बन गरेको यानलाई महायान भनेर घोषणा गर्नेहरू महासांघिक निकायका व्यक्तिहरू हुनसक्ने प्रवल सम्भावना रहेको विचार किमुरा महोदय व्यक्त गर्दछन् । उहाँले सिद्धार्थ गौतम बुद्धको महापरिनिर्वाण भएको लगभग दुईसय वर्षभित्र प्रज्ञापारमिता सूत्र र अवतंशक सूत्र जस्ता महायान सूत्रहरू देखा परिसकेको दावी पनि गर्नुहुन्छ ।[1] त्यसकारण यद्यपि सम्यक्सम्बुद्धयानको अर्को नाम महायान हो तापनि महायान सम्यक्सम्बुद्धयान झैं अनादि नभई ऐतिहासिक भएको पुष्टि हुन्छ ।

मन्त्रयानको उद्भव हुनु भन्दा पूर्वकालीन महायानमा प्रमुख रुपमा तीनवटा कुराको विशेषता रहेको पाईन्छ । ती हुन् - पारमिताचर्या, उपायकौशल्य र प्रज्ञा ।

### १:१:२ पारमिताचर्या

विना पारमिताचर्या पनि थुप्रै नर - नारीहरूले श्रावकबोधि अर्थात् अर्हत् फल प्राप्त गरी निर्वाण प्राप्त गरेका थुप्रै उदाहरणहरू पाईन्छन् । तर अतीतका बुद्धहरूले बोधिसत्वका रुपमा पूर्वजन्ममा पूर्ण गरेका दानादि पारमिताचर्या नै सम्यक्सम्बोधि लाभका हेतु भएका जातक-कथा प्रशस्त पढ्न पाइन्छ । तसर्थ पारमिताचर्या नै महायानको एक प्रमुख विशेषता हो ।

---

[1] रयुकान किमुरा, अ हिस्टोरिकल स्टडी अफ् दि टर्मस् हिनयान एण्ड महायान एन्द दि ओरिजिन अफ् दि महायान बुद्धिज्म (पाटलिपुत्र इण्डोलोजिकल बुक कर्पोरेशन, १९७८), पृ. ७४ ।

### १:१:३ उपायकौशल्य

भिन्न भिन्न व्यक्तिका भिन्न भिन्न अध्याशय अर्थात् मानसिक अवस्था हुने हुनाले ती व्यक्तिहरूको हितका लागि उपयुक्त उपायको श्रृजना, छनौट र प्रयोग नै उपायकौशल्य हो । "जगतहितका निमित्त बुद्ध वन्न सकुँ" भन्ने मूल उद्देश्य बोकेका महायानीका लागि "उपायकौशल्य" एक प्रमुख उपाय हो जुन "उपायपारमिता" अन्तरगत पनि पर्दछ ।

### १:१:४ प्रज्ञा : शून्यता तथा चित्तमात्रता

श्रावकयानमा चतुरार्यसत्यको ज्ञान, प्रतीत्यसमुत्पादको ज्ञान, अनित्य, दुःख र अनात्मको ज्ञान नै प्रज्ञा हो । महायानको एकातिर माध्यमिक दर्शन अनुसार धर्म (वस्तु) को निःस्वभावता अर्थात् शून्यताको ज्ञान नै प्रज्ञा हो भने अर्का तिर विज्ञानवाद दर्शन अनुसार निर्विकल्प चित्तमात्रताको ज्ञान नै प्रज्ञा हो ।

## १:२ बज्रयानको इतिहास

बज्रयानको उत्पतिका मूलकारणहरू महायानको "बुद्धो भवेयं जगतो हिताय" भन्ने मूल उद्देश्य र "सर्वप्रकारं जगतो हिताय" भन्ने अठोट र उपायकौशल्य भन्ने अवधारणा हुन् । बज्रयानका श्रस्टाहरू मन्त्र सिद्धान्त (Mantra Theory), मन्त्र विधा (Mantra Discipline) र योग विधा (Yoga Discipline) का आचार्यहरू हुन् जो पछि बुद्ध दर्शनबाट प्रभावित भएर बुद्धधर्ममा प्रवेश गरे । उनीहरू प्रवेश मात्रै भएनन् बरु उनीहरूले मन्त्रसिद्धान्त, मन्त्रविधा, योगविधा र आफूले जानेका अन्य विषयहरू जस्तै रसायनशास्त्र, वास्तुशास्त्र औषधशास्त्र, आदि पनि जगतहितका निम्ति उपायकौशल्य स्वरूप बुद्धधर्ममा प्रयोग गरे । उनीहरू नै बज्रयानका आचार्यको रुपमा स्थापित भए । बज्रयानको मूल उद्देश्य सम्यक्सम्बुद्ध बन्नु भएका हुनाले बज्रयान भनेको सम्यक्सम्बुद्धयानको पर्यायवाची भएको समेत उल्लेख गरे ।[६] तर सम्यक्सम्बुद्धयान अनादि हो भने, महायान झैं बज्रयान पनि ऐतिहासिक हो । तसर्थ बज्रयान त्यो भन्दा पूर्वको सम्यक्सम्बुद्धयानको स्वरूपसंग समान रहेको पुष्टि हुँदैन ।

---

६ सेकोद्देशटीका, पृ. ४२ ।

बज्रयानको उत्पति समयका सम्बन्धमा पूर्ववर्ती विद्वानहरूले ईशाको आठौं शताब्दी पछिका मानेका छन् भने वर्तमान विद्वानहरूले ईशाको छैठौं शताव्दी मानेका छन् । अर्को शब्दमा भन्ने हो भने अघिल्ला विद्वानहरूले पछिल्ला समयको अनुमान लगाएका छन्, वर्तमानका विद्वानहरूले भरपर्दो तर्क सहित अघिल्लो समयको अनुमान लगाका छन् ।[७]

नयाँ विषयले समाजमा प्रवेश पाउन धेरै समय लिन्छ, स्थायित्व तथा प्रसिद्धि पाउन अझ बढी समय लिन्छ भने त्यो वस्तुले राजकीय अभिलेखमा स्थान पाउन झन समय लिन्छ । लिच्छविकालीन नेपालको राजा अंशुवर्माको (इ.सं.६०६–६२२) शिलालेखमा "(ब)ज्रयान" शब्द र "(स्वयं)भू"[८] शब्द कोरिएका हुनाले नेपालमा बज्रयानको प्रवेश कम से कम छैंठौं शताव्दी अगाडि नै भइसकेको हुन सक्ने प्रवल सम्भावना छ । नेपालमा नै बज्रयानको प्रवेश छैठौं शताब्दी भएको देखिएकोले बज्रयानको उत्पति र विकास त्यो भन्दा पनि धेरै पहिले नै भएको हुन सक्ने स्वतः सिद्ध छ । त्यसैले बज्रयानको उत्पति कम्तीमा पनि ईशाको चौथौं शताब्दी भन्दा पछि धकेल्न नमिल्ने देखिन्छ ।

"पारमितानय र मन्त्रनयको एकात्मक रुप नै बज्रयान हो" भन्ने कुरा माथि उल्लेख भईसकेको हुँदा बज्रयानको परिचय पाउन पुनः पारमितानय र मन्त्रनयसंग परिचित हुनु आवश्यक हुन्छ ।

### १:२:१ पारमितानय

यस पारमितानयको पूर्वउल्लेखित दानादिपारमिता चर्यासँग सम्बन्ध नभई ती मध्ये शून्यता रुपी प्रज्ञापारमितासंग मात्र सम्बन्ध रहेको निम्न लिखित तथ्यले पुष्टि गर्दछ ।

---

७ द्रष्टव्य १) राहुल सांकृत्यायन, पुरातन्व निबन्धावली (इलाहावाद : किताब महल, १९५८)।
२) विनोयतोश भट्टचार्य, एन इन्ट्रोडक्सन टु बुद्धिष्ट एसोटेरिज्म (दिल्ली:मोतिलाल बनारसीदास,१९८०), अध्याय चार ।

८ धनबज्र बज्राचार्य, लिच्छविकालका अभिलेख (काठमाडौं : नेपाल एशियाली अनुसन्धान केन्द्र,२०५३), पृ. ३७० ।

सिद्धार्थ गौतमबुद्धले सारनाथमा पञ्चभद्रवर्गीय भिक्षुहरूलाई चतुरार्यसत्य आदि विषयमा धर्मचक्रप्रवर्तन गर्नुभयो । त्यस्तै शून्यतावादि महायानीहरूका अनुसार बुद्धले बोधिज्ञान प्राप्त गरेको तेह्रौं वर्षमा[९] गृद्धकूट पर्वतमा प्रज्ञापारमितानय विषयमा धर्मचक्रप्रवर्तन गर्नुभयो । त्यस धर्मचक्रप्रवर्तनलाई महायानीहरू बुद्धको दोश्रो धर्मचक्रप्रवर्तन भनेर मान्ने गर्दछन् ।[१०] यहाँनेर पारमितानय मात्र नभनिकन **प्रज्ञापारमितानय** भनेर उल्लेख भएको हुँदा पारमितानयको अर्थ प्रज्ञापारमितानय हो भनेर स्पष्ट हुन्छ । महायानमा जति पनि प्रज्ञापारमिता नामका साना-ठूला ग्रन्थ पाईन्छ ती सबै निःस्वभावता सूचक शून्यतारुपी प्रज्ञा संग मात्रै सम्बन्ध रहेको पाईन्छ । तसर्थ महायान अन्तरगत प्रज्ञापारमितानयको अर्थ शून्यतारुपी प्रज्ञापारमितानय भनेर बुझ्नु पर्ने हुन्छ अर्थात् शून्यतारुपी प्रज्ञापारमितानयको संक्षेपीकरण नै "पारमितानय" हुन् । महायानको अन्यपक्ष भन्दा पनि विशेष गरेर प्रज्ञापक्षलाई दृष्टिगत गरेर पारमितानय नामाकरण गरिएको हो । यो पारमितानयको विशेषता भनेको हेत्वात्मक (हेतु + आत्मक) अर्थात् हेतु प्रधान हो भनिन्छ ।

### १:२:२ मन्त्रनय

#### १:२:२:१ शब्दार्थ

"मनः संत्राणात् मन्त्रः" मन्त्र त्यो हो जसबाट मनको रक्षा हुन्छ । "नियते नयः" नय त्यो माध्यम हो जसद्वारा प्राप्त हुन्छ । तसर्थ मन्त्रनयको शब्दार्थ मनलाई रक्षाप्राप्त गर्ने माध्यम हो । मन्त्रयानीहरू सिद्धार्थ गौतम बुद्धले स्वयंले बोधिज्ञान प्राप्त गरेको सोह्रौं वर्षमा धान्यकटक पर्वतमा मन्त्रनय सम्बन्धी धर्मचक्र प्रवर्तन गर्नु भएको थियो भनेर मान्दछन् । उक्त धर्मचक्र प्रवर्तनलाई बुद्धको तेश्रौं धर्मचक्र प्रवर्तन भनेर पनि मान्दछन् ।[११]

---

९ ठाकुरसेन नेगी, वज्रयानी अनुत्तरयोग (सारनाथ : दुर्लभ बौद्धग्रन्थ शोध योजना, केन्द्रीय उच्च तिब्बती शिक्षा संस्थान, १९९९), पृ. ९९ ।

१० बनारसीलाल (सं), आर्यमञ्जुश्रीनामसंगीति (सारनाथ : दुर्लभ बौद्धग्रन्थ शोध योजना, केन्द्रीय उच्च तिब्बती शिक्षा संस्थान, १९९०), पृ. १ ।

*गृध्रकूटे यथा शास्त्रा प्रज्ञापारमिता नये ।*
*तथा मन्त्रनये प्रोक्ता श्रीधान्ये धर्मदेशना ॥*

११ पूर्ववत् संख्या ९ पृ. ९९ ।

१:२:२:२ **मन्त्रनयको मन्त्र सिद्धान्त :**

प्राणीमात्रको मन (चित्त) क्रियाशील छ। यसरी मन क्रियाशील हुनुको कारण देखिने, सुनिने, सुँघिने, स्वादलिने, छोइने, मनन् गरिने वस्तु भएकाले हो। यदि देखिने आदि देखि मनन् गरिने वस्तुहरू नहुँदो हो त मनमा जडता आउने थियो। त्यसैले त्रैधातुक, स्थावर र जंगम सबै मन्त्रहरू हुन्। देवता, मनुष्य, नाग, आदि प्राणीहरू पनि मन्त्रहरू हुन्। अतः प्राणी वा वस्तुहरूको नाम नै मन्त्र हो जस द्वारा मन क्रियाशील छ, मनको अस्तित्वको बोध भईराखेको छ अर्थात् मनको रक्षा भई राखेको हुन्छ। यो नै मन्त्रयानको एक प्रमुख सिद्धान्त हो। मन्त्रयानका विचार अनुसार आ आफ्नो सिद्धान्त तथा भाव अनुसार मूर्ति कल्पना गर्दा, त्यसमा मन लगाउँदा मन तन्मय (तल्लीन) हुने हुन्छ। जब मन तन्मय हुन्छ तब मणि वा ऐनाको अगाडि जस्तो वस्तु छ त्यस्तै वा त्यही रुप मणि वा ऐनामा देखिने हुन्छ, यसरी नै मनले पनि त्यस्तै विश्वरुप लिने हुन्छ। त्यसकारण मन्त्रयानीहरुले मनकै रक्षार्थ विभिन्न मन्त्रस्वरुप देव-देवीहरूको मूर्ति, मण्डल, मन्त्र निर्माण गरेका हुन्, साधना विधि बनाएका हुन्। यस तथ्यमा निःसंदेह रहेको आफ्नो अभिमत पं. श्री दिव्यवज्र वज्राचार्य राख्नु हुन्छ।

पारमितानयले झैं मन्त्रनयले पनि दुई प्रकारका सत्य लोकसंवृत्तिसत्य र परमार्थसत्यलाई मानेको छ। तर दुवै नयमा त्यसको अर्थमा फरक छ।

१:२:२:३ **मन्त्रयानमा लोकसंवृत्तिसत्य :**

यसमा देव–देवीको वर्ण, भुजचिन्ह (आयुध), संस्थान (आसन)को स्वचित्तले परिकल्पना गरिन्छ। यो कल्पना पनि वाह्य–आत्मनि स्व–परार्थ लौकिक सिद्धि साधनाका लागि गरिन्छ जसबाट लौकिकसिद्धिफल प्राप्त हुन्छ। यसप्रकारको साधनालाई लोकसंवृत्ति सत्यमा आधारीत मन्त्रयान साधना भन्नुपर्ने हुन्छ। यस्तो प्रकारको लौकिकसिद्धिलाई बौद्ध प्रमाण शास्त्रका अनुसार साश्रव अथवा लौकिक योगि प्रत्यक्ष भनेर मानिन्छ।

१:२:२:४ **मन्त्रयानमा परमार्थसत्य :**

जब देव–देवीको वर्ण, भुजचिन्ह, संस्थान लक्षणको परिकल्पना रहित

योगिको चित्तमा प्रत्यक्ष लोकोत्तर सर्वाकारवरोपेत–महामुद्रासिद्धि (बुद्धत्व) प्रत्यक्ष प्रतिभास हुन्छ त्यसलाई परमार्थसत्य भनिन्छ ।[12]

परिकल्पना रहित योगिको चित्तमा जुन लोकोत्तर सर्वाकारवरोपेत–महामुद्रासिद्धि (फल) प्रत्यक्ष प्रतिभास हुन्छ त्यसलाई बौद्ध प्रमाणशास्त्रका अनुसार अनास्रव अथवा लोकोत्तर योगि प्रत्यक्ष भनिन्छ

यस प्रकारका दुवै लौकिकयोगि प्रत्यक्ष र लोकोत्तरयोगि प्रत्यक्ष दुवै इन्द्रिय प्रत्यक्ष, मानस प्रत्यक्ष र स्वसंवेदन प्रत्यक्ष भन्दा भिन्न प्रत्यक्ष हुन्

मन्त्रनयको मन्त्रसिद्धान्त, लोकसंवृत्तिसत्य र परमार्थसत्य सम्बन्धी पं. श्री दिव्यवज्र वज्राचार्यज्यूको विचारलाई वैरोचनाभिसंबोधितन्त्रमा निर्देशित दुइ प्रकारका देवतायोगको वर्णनले थप टेवा पुऱ्याएको छ । उक्त तन्त्रानुसार देवतारुप दुइ प्रकारका छन्, ती हुन्ः-

**परिशुद्ध देवतारुप र अशुद्ध देवतारुप**

निमित्तरहित अर्थात् रुप, वर्ण, संस्थान रहित देवतारुप परिशुद्ध देवतारुप हो । त्यस्तो परिशुद्ध देवतारुपको देवतायोगको साधनले अनिमित्तसिद्धि (लोकोत्तरसिद्धि) लाभ हुन्छ ।

सवै प्रकारका निमित्त अर्थात रुप, वर्ण, संस्थान सहितको देवतारुप अशुद्धदेवतारुप हो । त्यस्तो अशुद्ध देवतारुपको देवतायोगको साधनले सनिमित्त सिद्धि (लौकिकसिद्धि) लाभ हुन्छ ।[13]

---

१२ द्रष्टव्य [illegible] 'मन्त्रयान' [illegible] वर्ष [illegible] अङ्क [illegible] शान्ति [illegible]

१३ वज्रवज्र [illegible] बौद्ध [illegible] शोध [illegible]

*वैरोचनाभिसम्बोधितन्त्रे हि द्विविध देवतायोग निर्दिशति-देवतास्वरूपं तथ्यकायोऽपि द्विविधम्-परिशुद्धमशुद्धं च । तत्र परिशुद्धमधिगतरूप सर्वानिमित्तायतनम्, अपरिशुद्ध सर्वनिमित्त रूपवर्णसंस्थान च । तत्र द्विविधेन देवतारूपेण द्विविधकार्य निष्पन्नभवति सनिमित्तमनिमित्त सिद्धिरिष्टा जिनवरै ।*

उपरोक्त लोकसंवृत्तिसत्य लौकिकसिद्धि फलदायक र परमार्थसत्य ...त्तरसिद्धि फलदायक भएकाले मन्त्रनयको विशेषता भन्नु नै "फलात्मक" हो । यहाँनेर माथि उल्लेखित पारमितानयको विशेषता भनेको "हेत्वात्मक" हो भन्ने कुरा स्मरणीय छ । उही फलात्मक मन्त्रयान र हेत्वात्मक पारमितानयको एकलोलितभूत रुप अर्थात् एकात्मक रुप नै बज्रयान हो ।

बुद्ध स्वयंले मन्त्रनय सम्बन्धी धर्मचक्रप्रवर्तन गर्नु भएको थियो भनेर माने तापनि अर्थात् मन्त्रयानको बीजारोपण बुद्धकालीन माने पनि बुद्धको महापरिनिर्वाण पछि मात्रै मन्त्रनयको विविध पक्षको विकास तथा लोकप्रियता बढेको ऐतिहासिक तथ्यलाई नकार्न सकिंदैन । कालान्तरमा मन्त्रयानलाई "महामन्त्रनय"[१४] पनि भनेको पाईन्छ ।

### १:२:२:५ मन्त्रनयका विविध पक्षहरू

मन्त्रनयमा सात प्रकारका विषयवस्तुहरू रहेको उल्लेख छ । ती हुन्:- मण्डल, गण, कुण्ड, बलि, मेलापक, क्रम र तत्त्व ।[१५] अर्को एक दृष्टिकोणले मन्त्रनय पाँच प्रकारका छन् भनेर पनि उल्लेख गरिएको छ । ती हुन् :–क्रिया, चर्या, योग र योगोत्तर र योगनिरुत्तर ।[१६] यिनीहरूलाई मन्त्रयानका पाँच प्रकारका तन्त्रहरू भनेर पनि चिनिन्छ । मन्त्रयानमा प्रथमतः तन्त्रको अर्थ "अविछिन्न चित्तसंतति" हो । पृथग्जनको चित्तको अवस्था देखि लिएर बुद्धत्व प्राप्ति पर्यन्त निरन्तर प्रवाहमान चित्तसंतति, चित्तलाई शुद्धपार्ने प्रज्ञोपाययुगनद्ध मार्गको चित्तसंतति र उक्त मार्गबाट प्राप्त हुने बुद्धको रुपकाय र ज्ञानकायको युगनद्धको

---

[१४] पूर्ववत् सङ्ख्या १०, पृ. २८ ।

[१५] पूर्ववत् सङ्ख्या ४, पृ. ९० ।

*..................नय : सप्तविध : यदुत–*
*मण्डलं गणकुण्डं च बलिर्मेलापकक्रमः ।*
*तत्वं सप्तविधाख्यान स मन्त्रनय उच्यते ।*

[१६] ...ज्जन ।

*मन्त्रनयमिति पञ्चविध क्रिया–चर्या–योग–योगोत्तर–योगनिरुत्तरभेदेन ।*

अविछिन्न चित्तसंततिलाई तन्त्र भनिएको हो ।[१७] उही अविछिन्न चित्तसन्ततिलाई विषय बनाएर उपदेश दिईएका वांगमयलाई तन्त्रवांगमय भनिएको हो । उही तन्त्रवांगमय लिखित रुपमा उपलब्ध भएका ग्रन्थलाई पनि तन्त्र भनिएको हो । तसर्थ यद्यपि जनमानसमा तन्त्र भन्नासाथ ग्रन्थ बुझिएतापनि मन्त्रयानको सन्दर्भमा वास्तविक तन्त्र कुनै भौतिक वस्तु नभइकन, अविच्छिन्न चित्तसन्तति हो । यसमा पृथग्जनको अवस्थाको चित्तदेखि लिएर बुद्धत्व प्राप्ति गर्ने गराउने पर्यन्तको चित्तसन्तति समेत पर्दछ ।

श्रावकयानमा भन्दा सम्यक्सम्बुद्धयानमा धेरै कुराहरू थपिएको र धेरै दृष्टिकोणले उदारता, व्यापकता, उपायकौशल्य जस्ता महानता भएकोले महायान नामकरण भएको माथि उल्लेख भइसकेको छ । तर मन्त्रयानीहरू मन्त्रनयमा अझै अन्य विशेषताहरू असंमोह, बहुउपाय, अदुष्कर र तीक्ष्णेन्द्रियता जस्ता विशेषताहरू भएको दावी गर्दछन् ।[१८]

## १:३ वज्रयानको अर्थ र परिभाषा

### १:३:१ शब्दार्थ

"वज्र" र "यान" दुई भिन्न संस्कृत शब्दहरू मिलेर "वज्रयान" शब्द बनेको छ । संस्कृत भाषाको शब्दकोश अनुसार "वज्र" पुलिंग एवं नपुंसकलिंग शब्द हो । "वज्र" शब्द एक भए पनि सन्दर्भ अनुसार अनेक अर्थ लाग्दछ । जस्तो कि वज्रको अर्थ चट्यांग, अत्यन्त ध्वंशकारी हतियार, रत्नमा प्वालपार्ने औजार, हीरा, एक प्रकारको खाद्यान्न, कवच (लडाईमा प्रयोग हुने लुगा), एक प्रकारको कुश घाँस, विभिन्न वनस्पति वाचक नाम, कडावस्तु, नरम धूलो, शीशु, दृढ निश्चय, हिन्दू धर्म अनुसार दधिचि ऋषिको हाडबाट बनेको देवराज इन्द्रको हतियार आदि । "यान" नपुंसकलिंग शव्द हो । यस शव्दले यात्रा, प्रतिकार, लस्कर, अनुकूलयातायातको साधन, मालवाहकसाधन आदि

१७ रामशंकर त्रिपाठी, ठाकुरसेन नेगी (स) हेबज्रतन्त्रम् (सारनाथ दुर्लभ बौद्धग्रन्थ शोध योजना केन्द्रीय उच्च निब्बति शिक्षा संस्थान २००१), भूमिका पृ. ८ ।

१८ पूर्ववत् संख्या ९, पृ. २२–२३ ।

अर्थ दिन्छ । संस्कृत शब्दहरू वज्र र यानको संयुक्तरुप "वज्रयान" भए तापनि ो शब्द संस्कृत भाषा–साहित्यमा प्रयोग भएको देखिदैन । तसर्थ शब्दको व्युत्पतिको दृष्टिकोणले "बज्रयान" शब्दको अर्थ लगाउन मिल्दैन ।

### १:३:२ परिभाषा

"बज्रयान" शब्द शाक्यमुनि बुद्धको महापरिनिर्वाणको लगभग अर्धसहश्राब्दि पछि मात्रै बौद्धधर्मको इतिहासले जन्माएको शब्द हो । यो धार्मिक-ऐतिहासिक शव्द (Religio - Historic Term) हो । तसर्थ बज्रयान शब्द नितान्त बौद्ध धर्मको मौलिक शब्द हो । सामान्यरुपले भन्नुपर्दा बज्रयान शब्द एक विशेष बौद्ध धर्मदर्शन बोधक, विशेष बौद्ध विषय बोधक, एक बौद्ध निकाय बोधक, बौद्ध गन्तव्य स्थानसम्म पुऱ्याउने साधन वा माध्यम बोधक वा एक किसिमको बौद्ध पारिभाषिक शब्द हो । तर बज्रयानको वास्तविक अर्थ बुझ्न बौद्ध धर्म–दर्शन सम्बन्धीत ग्रन्थ र इतिहासलाई गहन अध्ययन गर्नुपर्ने हुन्छ ।

केही बज्रयानी मूलग्रन्थ(तन्त्र)मा बज्रयानको शब्दार्थ तथा परिभाषा उल्लेख भएको पाईन्छ । त्यस्तै सम्बन्धीत टीकाकारहरूले पनि आ-आफ्नो शोच अनुसार बज्रयान शब्दको अर्थ–परिभाषा उल्लेख गरेको पाईन्छ ।

बज्रशेखरतन्त्रमा उल्लेख भए अनुसार जसरी "बज्र" दृढ, सार, अपरिवर्तनशील, अच्छेद्य, अभेद्य, भष्म नहुने, अविनाशी छ त्यसरी नै शून्यता सिद्धान्त पनि कुनै प्रकारको इतर सिद्धान्तले वा सिद्धान्त भन्दा दृढ, सार, अपरिवर्तनशील, अच्छेद्य, अभेद्य, भष्म नहुने, अविनाशी छ। त्यसकारण शून्यता नै बज्र हो ।[१९]

हेबज्रतन्त्रकानुसार बज्र नै प्रज्ञा हो ।[२०] प्रज्ञा निर्वाणको हेतु हो ।

---

१९ ऐजन, पृ. १०७-१०८ ।

*दृढ सारमसौषीर्यम् अच्छेद्याभेद्यलक्षणम् ।*
*अदाहि अविनाशि च शून्यता बज्रमुच्यते ॥*

२० पूर्ववत् संख्या १६, पृ. ९ ।

त्यसकारण कालचक्रतन्त्रको टीका विमलप्रभाका अनुसार बज्रको अर्थ मोक्ष (निर्वाण) हो र सो बज्ररुपी मोक्ष प्राप्त गर्ने यान (माध्यम) नै बज्रयान हो ।[२१]

उपरोक्त कुरालाई छोटकरीमा भन्नुपर्दा बज्र समान अकाट्य "शून्यता" दर्शन नै प्रज्ञा हो । सो प्रज्ञा प्राप्ति पछि मोक्ष (निर्वाण) प्राप्त हुन्छ । सो निर्वाण प्राप्त गर्ने माध्यमको नाम नै बज्रयान हो ।

बज्रयानको उपरोक्त अर्थमा पारमितानय (प्रज्ञापारमितानय) लाई लक्षित गरिएको अर्थात् माध्यमिक दर्शनको प्रज्ञापक्षलाई मात्रै लक्षित गरिएको झल्किन्छ । तर बज्रको अर्थ शून्यता र परमाक्षरसुखको अभेद्य रुप हो भनेर सेकोद्देश टीकामा यसरी उल्लेख गरिएको छ ।

"सर्वाकारवरोपेत शून्यता हेतु हो र परमाक्षरसुख (अक्षयसुख) फल हो । यी दुवै अभेद्य छन्, त्यसैले त्यो बज्र हो । त्यसमा आधारित यान बज्रयान हो ।"[२२]

त्यस्तै समानरुपका परिभाषा तर बज्रयानको क्षेत्र फराकिलो भएको संकेत गर्दै गुह्यसमाजतन्त्रको टीका कुसुमाञ्जलिमा टीकाकार लेख्नु हुन्छः-

"प्रज्ञा र उपायको अभेद्यरुपबाट प्रयोग गर्ने बज्रसत्वयोगलाई बज्रयान भनिन्छ । यसमा मार्ग एवं फल दुवैको अवस्था निहित छ ।"[२३]

कालचक्रतन्त्रको टीकाग्रन्थ विमलप्रभामा अझ स्पष्ट हुनेगरी बज्रयानको परिभाषा निम्नानुसार उल्लेख गरिएको छ ।

---

.................. *बज्र प्रज्ञा च भण्यते ।*

२१ ठिनलेराम शाशनी (सं), बौद्धतन्त्रकोश भाग २ (सारनाथ : दुर्लभ बौद्धग्रन्थ शोध योजना, केन्द्रीय उच्च तिब्बती शिक्षा संस्थान, १९९७), पृ. १२३ ।

*बज्र मोक्षो यायते । नेनेति बज्रयानम् ।*

२२ पूर्ववत् संख्या १९, पृ. ९ ।

२३ ऐजन ।

"बज्र अभेद्य, अच्छेद्य र ठूलो छ । फलात्मक मन्त्रनय र हेत्वात्मक गमितानय यी दुवैको एकात्मकरुप नै बज्रयान हो ।"[२४]

उपरोक्त परिभाषा अनुसार बज्रयानको विषयवस्तु भनेको हेतुको रुपमा शून्यतारुपी प्रज्ञापक्ष, तत्प्रज्ञा प्राप्त गर्ने उपायपक्ष र प्रज्ञाप्राप्ति पछि प्राप्तहुने अक्षरसुख (निर्वाण) फलपक्ष समेत हुन् भन्ने तथ्य स्पष्ट हुन आउँछ ।

बज्रयान सम्बन्धी उपरोक्त परिभाषाबाट निम्नलिखित कुराहरू स्पष्ट हुन आउँछन् ।

क) बज्रयान भनेको हेतु र फलको एकात्मक अभेद्य रुप हो ।

ख) बज्रयान भनेको प्रज्ञा र उपायको एकात्मक अभेद्य रुप हो ।

ग) बज्रयान भनेको शून्यतारुपी हेतु र परमाक्षरसुख (अक्षयसुख) फलको एकात्मक अभेद्य रुप हो ।

घ) बज्रयान भनेको हेतु , उपाय र फल त्रिवेणी रुपको अभेद्य रुप हो ।

ङ) बज्रयान भनेको मार्ग र फलको एकात्मक अभेद्य रुप हो ।

च) बज्रयान भनेको "बज्रसत्वयोग" हो ।

छ) बज्रयान भनेको कुनै छुट्टै भिन्न यान नभइकन मन्त्रनय र पारमितानयको एकात्मक अभेद्य रुप हो ।

गुह्यसमाजतन्त्रमा बज्रयान सम्बन्धी अत्यन्त रोमाञ्चित, दूर्बोध एवं गम्भीर परिभाषा निम्नानुसार दिइएको छ ।

"बुद्धहरू सधैं मोह, द्वेष र राग रुपी बज्रमा रत रहन्छन्, यी सबै बुद्धहरूको उपाय हुन् , यसैलाई बज्रयान भनेर भनिन्छ ।"[२५]

उपरोक्त परिभाषा अनुसार "बज्रयान" भनेको बौद्ध निकाय नै हुन

२४ पूर्ववत् संख्या ४, पृ. १०८ ।

२५ द्वारिकादास शास्त्री (सं), श्रीगुह्यसमाजतन्त्रम् (वाराणसी: बौद्ध भारती, १९८४), पृ. १२५ ।

*मोहो द्वेषस्तथा रागः सदा बज्रेरतिः स्थिता ।*

*उपायस्तेन बुद्धाना बज्रयानमिति स्मृतम् ।।५१।।*

नसक्ने देखिन्छ । तर त्यसो होईन । कुनै वस्तु वा व्यक्तिमाथि हुने मोह, द्वेष र राग जुन त्याज्य छ , त्यसलाई यहाँ "बज्र" भनेको होईन । यहाँ शून्यता र करुणाको अभिन्नरुप वा प्रज्ञा र उपायको अद्वयरुप अर्थात् अद्वयज्ञानरुपी धर्ममा सकारात्मक इर्ष्या र अहंकारलाई मोह भनिएको हो । उक्त अद्वयज्ञानरुपी धर्मसंग घर्षणलाई द्वेष भनेको हो । उक्त अद्वयज्ञानरुपी धर्ममा आशक्तिको लक्षणलाई राग भनेको हो । सोही अद्वयज्ञानरुपी धर्ममा भएको मोह, द्वेष र रागको ज्ञानलाई "बज्र" भनेको हो । स्त्रीसुख–सम्पत्तिमा झैं उक्त बज्ररुपी ज्ञानमा अत्यन्त संभोगरत रहनु नै रति (बज्ररति) हो । त्यस्तो बज्ररतिमा स्थिर रहनु सबै बुद्धहरूका उपाय हुन् । यो उपायलाई "बज्रयान" भनिन्छ ।"[२६]

उपरोक्त कुरालाई अर्को वाक्यमा भन्नुपर्दा अद्वयज्ञानलाई बुझ्नु, उक्त ज्ञानलाई चिन्तनको विषय बनाउनु, उक्त ज्ञान प्राप्तिकालाई तिव्र इच्छा हुनु र कामूक पुरुषले अरु कुनै कुराको ख्याल नराखि कायवाक्चित्तले र तन,मन र धनले वा अरु कुनैपनि प्रकारले पूर्णरुपमा स्त्रीसुखमा संभोगरत रहे झैं अद्वयज्ञानलाई पूर्णरुपले अविछिन्न साक्षात्कार गरिरहनु बुद्धत्व प्राप्तिको उपाय हो । यो अतीत र अनागत बुद्धहरूले अवलम्बन गर्नु भएको उपाय हो । उक्त उपायको नाम नै बज्रयान हो ।

अझ छोटकरीमा भन्नुपर्दा अद्वयज्ञानलाई श्रुतमयी, चिन्तनमयी र भावनामयी प्रज्ञाको रुपमा पूर्णरुपमा साक्षात्कार गर्ने माध्यम नै बज्रयान हो ।

यसरी बज्रयान सम्यक्सम्बुद्धत्वसंग प्रत्यक्ष सम्बन्ध भएको पाईन्छ । यो तथ्यलाई कालचक्रतन्त्रको टीका विमलप्रभामा टीकाकार यसरी पुष्टि गर्दछन् ।

---

२६ ऐजन, पृ. १२४ ।

*अद्वयज्ञान धर्मेष्या ऽहंकारो मोह उच्यते ।*
*अन्योन्य घट्टन तत्र द्वेष इत्यभिधीयते ॥४९॥*
*लक्षण रागमासक्ति : ज्ञानो ऽय बज्रमुच्यते ।*
*रतिरत्यन्तसभोग सम्पद : स्त्रीसुख परम् ॥५०॥*
*मोहो द्वेषस्तथा राग : सदा बज्रेरति : स्थिता ।*
*उपायस्तेन बद्धाना बज्रयानमिति स्मृतम् ॥५१॥*

"बज्रयान नै सम्यक्संबुद्धयान हो।"[२३] बज्रयानको माध्यमबाट पनि सम्यक्सम्बोधि प्राप्त गर्न सकिने दावी बज्रयानको रहेको भएता पनि ऐतिहासिक बज्रयानलाई अनादि सम्यक्सम्बुद्धयानको पर्यायवाची शब्दको रुपमा प्रयोग गर्दा बज्रयानको अन्तिम लक्ष्य र क्रमिक बिकासलाई ध्यानमा राख्नु पर्ने हुन्छ।

### १:३:३ बज्रयानको दार्शनिक सिद्धान्त तथा मान्यताहरू

बज्रयानको अर्थ र परिभाषाबाटै बज्रयानका सिद्धान्त, मान्यता तथा उद्देश्यहरूका विषयमा धेरै कुरा स्पष्ट भइसकेको छ। पारमितानय र मन्त्रनय दुवैको एकात्मक रुप नै बज्रयान हो भन्ने बज्रयानको परिभाषाबाट पारमितानयका शून्यता तथा चित्तमात्रता सिद्धान्त र मन्त्रनयका मन्त्र सिद्धान्त यी दुवै सिद्धान्तहरू बज्रयानको पृष्ठ भूमि हुन् भन्न सकिन्छ। पारमितानय र मन्त्रनयको सम्पूर्ण मान्यताहरू नै बज्रयानका पनि मान्यताहरू हुन् भन्ने बुझिन्छ। तर वास्तवमा बज्रयानका सिद्धान्त तथा मान्यता पारमितानय र मन्त्रनयमा मात्र सीमित छैन। बज्रयानले सर्वास्तिवाद तथा वैभाषिकवाद र सौत्रान्तिकवादका सिद्धान्तलाई पनि अनिवार्य अध्ययनका विषय वस्तु बनाएको र अभ्यासमा पनि समावेश गरेको पाईन्छ। यस सम्बन्धमा हेबज्र तन्त्रमा यसरी उल्लेख गरिएको छ।

हेबज्र अर्थात् बज्रयानको एक विधामा प्रवेश पाउन ईच्छुक शिष्यलाई सर्वप्रथम पोषध (अष्टशील) पालना गर्न लगाउनु पर्दछ। त्यसपछि दश शिक्षापद पालना गर्न लगाउनु पर्दछ। त्यसपछि बौद्धधर्मका चारैवटा दार्शनिक विधाका क्रमशः वैभाषिक (सर्वास्तिवाद), सौत्रान्तिक, योगाचार (विज्ञानवाद) र मध्यमक (प्रज्ञापारमितानय) दर्शनका शिक्षा दिनु पर्दछ। त्यसपछि सबै मन्त्रनय अर्थात् मन्त्रनयका विविध पक्ष (क्रिया, चर्या, योग, अनुत्तरयोग आदि) का विषयमा शिक्षा दिनु पर्दछ। त्यसपछि मात्रै हेबज्रको शिक्षा दिन आरम्भ गर्नु भन्ने निर्देशन छ।[२४]

---

२३ दुर्जन संख्या २० पृ. १२३।

*बज्रयान सम्यक्सम्बुद्धयानम्, तीर्थिकश्रावकप्रत्येकबुद्धयानानामभेद्यत्वात् बज्र मोक्षो यायतेऽनेनेति बज्रयानम्।*

२४ डि.एल. स्नेलग्रोभ, दी हेवज्रतन्त्र (लण्डन अक्सफोर्ड यूनिभर्सिटि प्रेस, १९८०) भा.२

उपरोक्त कुराबाट शील, समाधि र चारै बौद्ध दार्शनिक विधाका प्रज्ञापक्ष अर्थात् सिद्धान्तहरू बज्रयानका लागि न्यूनतम पृष्ठभूमि भन्ने तथ्य स्पष्ट छ। ती सिद्धान्तहरूका अतिरिक्त थप सिद्धान्त तथा मान्यताहरूलाई पनि बज्रयानले अवलम्बन गरेको पाईन्छ ; ती थप सिद्धान्तहरूको विकास मूलतः महायानको उपाय कौशल्यको सिद्धान्तबाटै भएको हो। बज्रयानका ती केही सिद्धान्त तथा मान्यताहरू निम्नानुसारका छन् :-

क) सर्वप्रकारं जगतो हिताय (सबै प्रकारले जगत हित गरुँ )

ख) येन बन्ध्यते, तेनैव मुच्यन्ते (जुसद्वारा बाँधिन्छ त्यसैद्वारा नै मुक्तिपनि पाइन्छ )

ग) उपभोगेन क्षयं न परित्यागेन (उपभोगले रितिन्छ न कि त्यागले)

घ) विषेण स्फोट्येत् विषम् (विषले विष मार्दछ )

ङ) संसारमेव निर्वाणम् ( संसार नै निर्वाण हो )

### १:३:३:१ सर्वप्रकारं जगतो हिताय

सूत्र ग्रन्थहरूमा "बहुजन हिताय बहुजन सुखाय"[२९] सिद्धान्त पढ्न पाईन्छ। जस अनुसार भिक्षु भिक्षुणीहरूको जीवन केवल आ-आफ्नो स्वार्थको लागि मात्रै होईन, जन संपर्कमा गएर बहुजन हित बहुजन सुखको निम्ति समर्पित हुनको लागि पनि हो। उक्त सिद्धान्तले ओगटेको क्षेत्र भन्दा फराकिलो क्षेत्र

---

पृ.९० ।

*पोषधं दीयते प्रथमं तदनु शिक्षापद दश ॥*
*वैभाष्यं तत्र देशेत सूत्रान्त वै पुनस्तथा ॥९॥*
*योगाचारं ततः पश्चात् तदनु मध्यमक दिशेत् ॥*
*सर्वमन्त्रनय ज्ञात्वा तदनु हेबज्रम् आरभेत् ॥*
*गृह्णियात् सादरं शिष्यः सिध्यते नात्र संशय ॥१०॥*

२९ महेश तिवारी महावग्गो प्रथमो भागो (दिल्ली बौद्ध विद्या विभाग [illegible]

*चरत्थ भिक्खवे, चारिक बहुजनहिताय बहुजन सुखाय लोकानुकम्पाय अत्थाय हिताय सुखाय देवमनुस्सान।*

ओगटेको अर्को सिद्धान्त "संसारमा भएभरका प्राणीहरूलाई निर्वाणमा पठाई अन्तमा मात्रै आफूले निर्वाण प्राप्त गर्नेछु"[३८] भन्ने सिद्धान्त हो। यो भन्दा पनि अझ फराकिलो क्षेत्र ओगटेको सिद्धान्त "बुद्धो भवेयं जगतो हिताय" अर्थात् जगत (स्थावर र जंगम प्राणीहरू)को हितका लागि बुद्ध हुन्छु भन्ने सिद्धान्त हो।[३९] यहाँ जगतहितको अर्थ प्राणीहरूको लौकिक हित (भौतिक सुख) तथा लोकोत्तर हित (आध्यात्मिक हित निर्वाणसुख) दुवैको समग्र रुप हो। न्यूनतम भौतिक पूर्वाधार सम्म पनि उपभोग गर्न नपाएकाले आध्यात्मिक साधना गर्न सक्दैन। एउटा सामान्य स्तरको जीवनयापन गर्न नपाएकोले आध्यात्म मार्गमा आकर्षित हुन कठिन हुन्छ। वास्तविक जीवनमा आध्यात्मिक सुखको खातिर भौतिक आधारभूत आवश्यकता तथा सुखलाई नकार्न सकिंदैन। तसर्थ बौद्ध जीवनलाई मध्यम मार्ग अर्थात् अति आध्यात्मिक मार्ग र अति भौतिकवादको बीचको मार्ग भनेर भनिन्छ। जगत हित अर्थात् भौतिक तथा आध्यात्मिक हित बौद्धधर्मको विषय हो। तसर्थ जगतहित कसरी गर्ने त भन्ने सवालमा अत्यन्तै फराकिलो क्षेत्रलाई ओगट्ने र सम्पूर्ण विषय समावेश हुनसक्ने सिद्धान्त "सर्वप्रकारं जगतो हिताय"[४०] अर्थात् सवै प्रकारले जगत हित गर्छु भन्ने सिद्धान्त हो। जस अनुसार बज्रयानको अभ्यास तथा बिकासको क्रममा जगत हितका लागि उपयोगि हुने तात्कालिन समयमा त्यस क्षेत्रमा उपलब्ध सबै विषय, शास्त्र र विधि आध्यात्मिक हित एवं भौतिक हितका लागि उपायस्वरुप विभिन्न क्रिया (प्रतिमा, चित्र, मण्डल, यन्त्र, मन्त्र, धारणी, स्तोत्र, पाठ, जाप, पूजा, होम, अभिषेक आदि); विभिन्न समाधि योग (चण्डालि, उत्क्रान्ति, विन्दु, सुक्ष्म योग आदि); विभिन्न शास्त्र (खगोल,

---

३८ स्वामी द्वारिकादास शास्त्री (सं). बोधिचर्यावतार (वाराणसी : बौद्ध भारती, १९८८), पृ ५९.

*एवमाकाशनिष्ठस्य सत्वधातोरनेकधा।*

*भवेयमुपजीव्योऽहं यावत् सर्वे न निर्वृता : ॥ २१॥*

३९ अमोघवज्र वज्राचार्य (सं). गुरुमण्डलार्चनपुस्तकम् (कान्तिपुर : श्रीमति नन्दकुमारी बज्राचार्य ने.सं. १०९६) पृ.३।

*इत्थ चरिष्ये वर बोधिचर्यां*

*बुद्धो भवेय जगतो हिताय॥*

४० एजन पृ.९।

*सर्व प्रकार जगतो हिताय॥*

रसायन, शारीरिक, वास्तु, आयु, यश, विद्या, सन्तान, काम, औषधि, उपचार आदि) बज्रयानका तन्त्र ग्रन्थहरूमा समावेश भएको पाईन्छ। उपरोक्त "सर्वप्रकार जगतो हिताय" सिद्धान्तको बीज एवं छिटफूट विधि विधान महायान सूत्रहरूमा पनि पाईन्छ।[33] तर सुनिश्चित विधि विधान भने बज्रयान तन्त्रमा मात्रै पाईन्छ।

**१:३:३:२ येन बन्ध्यते, तेनैव मुच्यन्ते**

मान्छे पिच्छे मन फरक छ, जति जना मान्छे त्यति नै आ-आफ्नो विचार छ। यो तथ्य लोक प्रसिद्ध छ। बौद्ध दर्शन अनुसार प्राणीहरू आ-आफ्नो विचारद्वारा तदनुसार कर्मद्वारा भवको बन्धनमा बाँधिएका छन्। ती बन्धनका कारणरुपी भिन्न-भिन्न विचार र तद्जन्य भिन्न-भिन्न कर्महरूलाई नै उपाय स्वरुप प्रयोगद्वारा प्राणीहरू मुक्त हुन सक्छन् भन्ने बज्रयानको सिद्धान्त र मान्यता छ। जुन चित्तको कारणले सामान्य मान्छेहरू संसारको बन्धनमा बाँधिन्छ ती कर्महरूको समुचित उपायद्वारा उनीहरू भवचक्र रुपी बन्धनबाट मुक्त हुन्छन्। सामान्य मान्छेहरूमा भएको जुन रागादि तत्त्व भव बन्धनका कारणहरू हुन्छन्, बज्रयानका योगिहरूमा भएको त्यही रागादि तत्त्व बुद्धत्वका कारण हुन पुग्दछन्। यस सम्बन्धमा हेबज्र तन्त्रमा यसरी उल्लेख गरिएको छ "जुन जुन रौद्र कर्मद्वारा प्राणीहरू बन्धनमा बाँधिन्छ ती कर्महरूको समुचित उपायद्वारा उनीहरू भवचक्र रुपी बन्धनबाट मुक्त हुन्छन्।"[34] त्यस्तै पंचक्रममा उल्लेख गरिएको छ "जुन चित्तद्वारा मूर्खहरू संसारमा बन्धनमा बाँधिन्छ त्यहीं चित्तद्वारा योगिहरू सुगत (बुद्ध)हरूको बुद्धत्व तथा गति (निर्वाण) प्राप्त गर्दछन्।"[35]

---

३३ द्रष्टव्य - (क) महावैरोचन सूत्र (ख) मञ्जुश्रीमूल कल्प (ग) काण्डव्यूह

३४ पूर्ववत् संख्या २६ भूमिका पृ. ११।

*येन येन हि बध्यन्ते जन्तवो रौद्रकर्मणा।*
*सोपायेन तु तेनैव मुच्यन्ते भवबन्धनात्॥*

३५ ऐजन।

*येन चित्तेन बाल्नाश्च संसारे बन्धनगता ।*
*योगिनस्तेन चित्तेन सुगतानां गतिगता ॥*

### १:३:३:३ उपभोगेन क्षय (न परित्यागेन)

बौद्ध दर्शन अनुसार राग, द्वेष, मोहादि अकुशलमूल हुन् । त्यसैले उत्पन्न भै सकेका रागादिलाई रित्याउनु पर्दछ र उत्पन्न नभएका रागादिलाई उत्पन्न हुनबाट रोक्नु पर्दछ भन्ने मान्यता छ । उक्त मान्यता अनुसार उत्पन्न नभएका रागादिलाई उत्पन्न हुनबाट रोक्न जति सजिलो छ त्यति सजिलो उत्पन्न भईसकेका रागादिलाई रित्याउन छैन । उदाहरणको रुपमा भन्नु पर्दा नलागेको रोगबाट बच्न जति सजिलो छ तर लागि सकेको रोगबाट मुक्त हुन त्यति सजिलो छैन । उत्पन्न भै सकेको रागादिलाई रित्याउनु एक चुनौतीपूर्ण कार्य हो । रित्याउनलाई दुईवटै मात्र उपायहरू छन् । या त दबाउनु अर्थात् त्याग्नु, या त उपभोग गर्नु । सामान्य मानिसहरूका लागि त्याग पनि सरल कार्य हुँदैन । तसर्थ ती रागादिलाई उपभोग गरेमा ती रागादि रितिन्छन् र उपभोग गरेर रित्याउनु पर्दछ भन्ने वज्रयानको सिद्धान्त र मान्यता हो । रागादिलाई उपभोग गरेर रित्याउनु पर्ने सम्बन्धमा गुह्यसमाजतन्त्रमा यसरी उल्लेख गरिएको छ :–

"मोहको उपभोगले मोहक्षय हुन्छ, द्वेषको उपभोगले द्वेषक्षय हुन्छ र रागको उपभोगले रागक्षय हुन्छ । यसरी मोहादि सबै क्लेश क्षयपछि सबै अकुशलकर्म क्षय हुन्छ, सबै आवरण (क्लेशावरण र ज्ञेयावरण) पनि क्षय हुन्छ ।"[३६]

---

३६ पूर्ववत् संख्या २० पृ. १२५ ।

*मोहो मोहोपभोगेन क्षयमोह प्रशान्तकृत्*

*.............................. ॥ ५७ ॥*

*द्वेषो द्वेषपभोगेन क्षयद्वेष प्रशान्तकृत*

*.... ॥ ५८ ॥*

*रागो रागोपभोगेन क्षयराग प्रशान्तकृत्*

*. ॥ ५९ ॥*

*सर्वक्लेशक्षय यत्तत्सर्वकर्मक्षयन्तथा ।*

*सर्वावरणक्षय ज्ञान विघ्नान्तकृदिति स्मृतम् ॥ ६० ॥*

### १:३:३:४ विषेण स्फोटयेद् विषम्

रागादिको उपभोगबाट रागादिक्षय पार्ने अर्थात् रागादिबाट मूक्त हुन सकिन्छ भन्ने कुरा ब्यवहारमा लागू नहुने केवल कोरा दार्शनिक सिद्धान्त जस्तो मात्रै लाग्न सक्छ । तर रार्गादि तत्त्वज्ञहरू रागादि कै उपभोगद्वारा रागादिक्षय गरी रागादिबाट मुक्त हुनसक्ने बज्रयानको मान्यताको पुष्टि गर्दछन् । यस सम्बन्धमा हेबज्रतन्त्रमा केही उदाहरण प्रस्तुत गरिएका छन् । ती मध्ये एक उदाहरण प्रस्तुत गरिन्छ "जुन विषको प्रयोगद्वारा सबै प्राणी मर्दछन्, तर विषतत्वज्ञले त्यही विषप्रयोगद्वारा विषलाई नाश गर्दछ ।"[३७] यस प्रसंगमा "फलामले फलाम काट्छ" "हीराले हीरा काट्छ" भन्ने लोकोक्ति बज्रयानको सिद्धान्त रागको उपभोगले राग क्षय हुन्छ भन्ने सिद्धान्तसँग मेल खाएको पाईन्छ ।

### १:३:३:५ संसारमेव निर्वाणम्

सामान्यतया इन्द्रिय, विषय, तद्जन्य वेदना आदि तथा क्लेशादिको समग्ररुप संसारलाई निर्वाणको विरोधिधर्मको रुपमा लिने गरिन्छ । माध्यमिक दर्शन अनुसार ती सम्पूर्ण धर्म अर्थात् संसार प्रतीत्यसमुत्पन्न धर्म भएकाले निःस्वभाव अर्थात् शून्य हुन्, त्यस्तै निर्वाण पनि शून्यताको अवस्था हो । तसर्थ संसार र निर्वाण विरोधि धर्म होईनन् एउटै हुन् भन्ने बज्रयानको सिद्धान्त तथा मान्यता छ । यस सम्बन्धमा हेबज्र तन्त्रमा यसरी उल्लेख गरिएको छ । "संसार नै निर्वाण हो । संसार भन्दा फरक (अलग्ग) कुनै निर्वाण छैन ।"[३८]

---

३७ पूर्ववत् संख्या १६, भूमिका पृ. ८ ।

*येनैव विषखण्डेन म्रियन्ते सर्वजन्तव*
*तेनैव विषतत्वज्ञो विषेण स्फोटयेद् विषम् ॥*

३८ पूर्ववत् संख्या १६, पृ.१७९ ।

*एवमेव तु संसार निर्वाणमेवमेव तु ।*
*ससाराद्ते नान्यन्निर्वाणमिति कथ्यते ॥ ३२ ॥*
*ससार रुपशब्दाद्या:ससार वेदनादय:*
*ससारमिन्द्रियाण्येव ससार द्वेषकादय ॥ ३३ ॥*
*अमी धर्मास्तु निर्वाण मोहात् ससाररुपिण ।*
*अमूढ ससरन् शुद्धया ससारो निर्वृतायते ॥ ३४ ॥*

इन्द्रियहरू, रुपशब्दादि (विषय)हरू, तद्जन्य वेदनाहरू एवं द्वेषादि क्लेश यी धर्म(विषय)हरू मूलतः निःस्वभाव भएकाले निर्वाण हुन् भने, मोह (अज्ञान अर्थात् धर्मको वास्तविकताको ज्ञान नभएको) कारणले मात्रै सबै धर्महरू संसाररुपी देखिएका हुन् । त्यसकारण मोह रहित व्यक्ति संसारलाई शुद्धि गर्दै संसारमा घुम्दै निर्वाण लाभ गर्दछ । त्यस्तै नै आर्य मञ्जुश्रीनामसंगितीका टीका मन्त्रार्थावलोकिनीमा उल्लेख भए अनुसार "………जव संसारबाट निवृत्ति हुने ज्ञान सम्यक् रुपमा उत्पन्न हुन्छ तव संसार नै निर्वाण हुन्छ ।"[३९]

### १.४ बज्रयान - गुह्ययान

बज्रयान गुह्ययान (Esoterism) को नामले पनि प्रसिद्ध छ । बज्रयानलाई गुह्ययान भनिनाले कतिपय ब्यक्तिहरूको लागि एकातिर बज्रयान जिज्ञासाको विषय बनेको र अर्कातिर आलोचनाको विषय पनि बनिरहेको छ । बज्रयान एक गुह्ययान हो भन्नु भन्दा पनि गुह्य बनाइएको छ भन्ने धारणा बढि पाइन्छ ।

बज्रयानका कुराहरू दूर्बोध भएकाले, बज्रयानमा थुप्रै नग्न देव–देवीहरू हुनाले, कतिपय देव–देवीहरू युगनद्ध अवस्थामा हुनाले, पंचमकार अर्थात् मद्य, मांश, मत्स्य, मुद्रा र मैथुनको प्रयोग हुने भएकाले, दीक्षाप्राप्त ब्यक्तिहरूले मात्रै बज्रयानको अभ्यास गर्न पाउने भएकाले, बज्रयानका अभ्यास चूनौतिपूर्ण भएकाले, अभ्यास गोप्यरुपमा गर्नु पर्ने भएकाले, गुरु र शिष्यको परंपरामा मात्रै आधारित तथा सिमीत भएकाले बज्रयानीहरूले बज्रयानलाई गुह्य बनाएका हुन् भन्ने कुराहरू नै बहु प्रचलित धारणा हुन् । यो धारणामा खासै शास्त्रीय आधार छैन । बरु उपरोक्त दूर्बोध नग्न देव-देवी, युगनद्ध, मद्य, मांस आदि, गुरु परम्परा आदि बज्रयान गुह्ययान हुनुका कारण नभइकन गुह्ययान भित्रका पनि गुह्य तत्त्वहरू भन्न सकिन्छ । यस विषयमा तल चर्चा गरिनेछ । यहाँ बज्रयानलाई

---

३९ आर्य मञ्जुश्रीनामसंगिती टीका मन्त्रार्थावलोकिनी, (पाण्डुलिपि), पृ.९, ८(a) ।

*संसार निवृतौ ज्ञान सम्यगुत्पद्यते यदा ।*
*संसार एव निर्वाणं तदा तस्य भवत्यतेति ॥*

गुह्ययान भनिनुका मुख्यकारण के हुन् ती माथि प्रकाश पारिनेछ।

बोधिज्ञान प्राप्ति पश्चात् शाक्यमुनि बुद्धले आफूले प्राप्त गरेको बोधिज्ञान दूर्बोध भएकाले बताउन चाहनु भएको थिएन र गुह्य बनाइ राख्न चाहनु भएको थियो। तर ब्रम्हासहाम्पतिको विशेष अनुरोधमा धर्मचक्र प्रवर्तन गर्नु भएको थियो। यदि ब्रम्हासहाम्पतिले अनुरोध नगरेको भए देखि बुद्धले धर्मचक्र प्रवर्तन गर्नु हुने थिएन होला र बोधिज्ञान सबैका लागि गुह्य नै हुने थियो होला। तर बुद्धले महाकरुणा राखी बोधिज्ञानका सबैपक्षलाई उजागर गर्नु भयो। यस सन्दर्भमा बुद्धको महापरिनिर्वाण हुनुको केही समय अगाडि बुद्ध र भिक्षु आनन्दको संवाद उल्लेखनीय छ।

*भिक्षु आनन्दले बुद्धलाई भन्नु भयो – "भगवान् (बुद्ध), (तपाई) भिक्षुसंघलाई केही नबताइकन परिनिर्वाण हुनु हुने छैन भन्ने विचार आएकोले अलिकति भएपनि मेरो मन शान्त छ।"*

*बुद्धले भिक्षु आनन्दलाई भन्नु भयो – "आनन्द, भिक्षुसंघले मबाट के आशा गरिराखेका छन्? आनन्द, मैले भित्र (गुह्य) र बाहिर (बाह्य) केही पनि बाँकि नराखी धर्मदेशना गरिसकेको छु। आनन्द, तथागतको धर्ममा केही पनि आचार्यमुष्टि (गुरुले नबताइकन राखिएको वा लुकाइराखेको कुरा) भन्ने छैन।"*

उपरोक्त संवादले यो कुरा स्पष्ट छ कि बुद्धले आफूले प्राप्त गरेको तथा आफुसँग भएको सम्पूर्ण बोधिज्ञान बताउनु भएको थियो। अर्को शब्दमा भन्नु पर्दा बोधिज्ञानका सबै पक्षहरू जस्तो श्रावकबोधि, प्रत्येकबोधि र सम्यक्सम्बोधि बारे बताउनु भएको थियो। तर एउटै समयमा, एउटै ठाउँमा एउटै बुद्धले दिनु भएको एउटै धर्मदेशना सुनेर कोही तथागत श्रावकबोधि लाभ नै गरेर अर्हत् हुन्थे, कोहीले भविष्यमा प्रत्येकबुद्ध बन्ने ब्याकरण पाउँथे भने कोहीले भविष्यमा सम्यक्सम्बुद्ध नै बन्ने ब्याकरण अर्थात् भविष्यवाणी पनि पाउँथे। अर्को शब्दमा भन्नु पर्दा एउटै धर्मदेशना सुनेर तीन थरीको बोधिज्ञान मध्ये कुनै एक बोधिज्ञान लाभ गर्न सक्ने हुन्थे।

यसरी थरि-थरिका श्रोताहरूले थरि-थरिका बोधिज्ञान पाउनुको

मूलकारण भनेको उनीहरूको थरि थरिको मानसिकता नै हो । श्रावक मानसिकता भएकाले श्रावकबोधि पाउनु, प्रत्येकबुद्ध मानसिकता भएकाले प्रत्येकबुद्ध बन्ने हुनु र सम्यक्संबुद्ध मानसिकता भएकाले सम्यक्संबुद्ध बन्ने हुनु स्वाभाविकै हो ।

बुद्धले सम्यक्संबुद्ध नै बन्न सक्ने धर्मदेशना दिनु भएको रहेछ तर आफ्नो तत्कालिन आवश्यकता वा सीमित मानसिकताले गर्दा सम्यक् संबुद्ध बन्न सक्ने धर्मदिशनाको गाम्भीर्यतालाई बुझ्न नसक्नु र तत्कालीन आवश्यकता तथा सीमित मानसिकता अनुरुपको मात्रै फल प्राप्त गर्न सकिने परिस्थिति हुने रहेछन् । यी कुराबाट यो तथ्य स्पष्ट हुन्छ कि बुद्धले सम्यक् संबोधि वा यानलाई गुह्य (गोप्य) गर्नु भएको छैन, नबताउनु पनि भएको छैन, गुह्ययान भनेकै थिएन । तर श्रावक र प्रत्येकबुद्ध मानसिकता भएको श्रोताहरूको तत्कालिन आवश्यकता वा सीमित मानसिकताले गर्दा सम्यक्संबोधि वा यान बुझ्न र देख्न सकेनन् र उनीहरूको लागि उक्त बोधि तथा यान गुह्य (बुझ्न नसकिएको, देख्न नसकिएको) हुन गयो भन्ने सम्यक्संबोधियान अर्थात् बज्रयानको बुझाइ हो । तसर्थ सम्यक्संबुद्धयान अर्थात् गुह्ययान हुन गयो । अन्तमा गुह्ययानको अवधारणा स्थापित भयो ।

### १:४:१ गुह्ययान – बज्रयान भित्रका गुह्यतत्त्वहरू

गुह्यसमाजतन्त्रकानुसार काय, वाक् र चित्त यी तीन गुह्यतत्त्व हुन् । यी तीनै वटाको मिलन अर्थात् संयोग समाज हो । यसरी "गुह्यसमाज" बनेको छ ।

सबै प्राणीहरूमा काय(शरिर) छ, वाक् (बोलि) छ र चित्त (मन) पनि छ । प्राणीमा काय, वाक् र चित्तको सम्बन्ध अन्योन्य अनुगत छ, परस्पर अनुगत छ र अत्यन्त अनुगत छ । यी तीन वटाको पूर्ण मिलन नै प्राणीको अस्तित्वको द्योतक हो । प्राणीबाट हुने कर्म र प्राणीले प्राप्त गर्ने फल यी तीन वटैमा निर्भर हुन्छ । कार्य सफलता र विफलता पनि यी तीनै वटामा निर्भर हुन्छ । काय, वाक् र चित्तको संयुक्त रुपको पूर्णताले मात्र कार्यमा पूर्णता प्राप्त गर्न सकिन्छ, पूर्ण सफलता हासिल गर्न सकिन्छ, कार्य सिद्ध गर्न सकिन्छ । कार्य गर्दा काय, वाक् र चित्तको समन्वय हुनु पर्दछ, संयुक्तरुप भएर पूर्णरुपले कार्य गर्नु पर्दछ । कुनै पनि एकद्वारा आंशिक मात्र कार्य भएमा कार्य सम्पादनमा पूर्णता (Perfection) आउँदैन । बुद्धत्व साधनका लागि पनि काय, वाक् र चित्तको

संयुक्त रुपमा पूर्ण (Total) प्रयोग हुनु पर्दछ र त्यसरि साधन गरेमा पूर्णता (Perfection) हुन्छ, सम्यक्संबोधि (Perfect Enlightement) प्राप्त गर्न सकिन्छ ।

गुह्यसमाज तन्त्रको गुह्यसमाज अवधारणाले पूर्णताको सिद्धान्त (Theory of Totality) बताउन खोजेको देखिन्छ । तर उपरोक्त विषयमा पृथग्जनहरूलाई ज्ञान हुन्दैन र गुह्य रहन्छ भन्ने धारणा पनि गुह्यसमाजतन्त्रले बताउन खोजेको देखिन्छ ।

बज्रयान भित्रका त्यस्ता थुप्रै दर्शन तथा अभ्यासका कुराहरू छन् जुन सामान्य मान्छेहरूको पहुँच भन्दा माथि छ भनिन्छ । जिज्ञासु व्यक्तिहरूका लागि पनि ती कुराहरू सहजरुपमा उपलब्ध हुँदैनन् । जिज्ञासा जागेर पनि बज्रयानका ग्रन्थ उपलब्ध नहुनु, उपलब्ध भएर पनि बुझ्न नसक्नु, सम्बन्धीत विज्ञहरू समक्ष जिज्ञासा राख्दा पनि तत्काल सहजरुपमा जिज्ञासा मेटिदिने चेष्टा नहुनु, प्रवेश गर्नका लागि पनि निश्चित औपचारिकता पूरागर्नु पर्ने, गुरु शिष्य परम्परामा बस्नु पर्ने हुनाले बज्रयानको दर्शन तथा अभ्यासलाई गुह्य छ भनिन्छ ।

बज्रयान भित्र त्यस्ता थुप्रै तत्त्वहरू छन् जुन् सरसरती हेर्दा–देख्दा आधारभूत बौद्ध धर्म–दर्शन–अभ्यासको विपरीत देखिने हुन्छ । कुनै कुनै अवस्थामा बौद्ध तन्त्र ग्रन्थमा पञ्चशील विपरित कार्य गर्नु पर्ने उल्लेख हुनु, "गोकूदहन" अर्थात् गोमांस, कुट्कुट (कुकुर) मांस, दन्ति (हात्ती) मांस, हय (घोडा) मांस र नरमांस सेवन गर्नु पर्ने, विष्ठा, मूत्र, सिंघान, वीर्य र पसिना आदिको समेत सेवन गर्नु पर्ने साथ साथै कामकला सम्बन्धी पनि उल्लेख हुनु यी कुराहरू आधारभूत बौद्धधर्म–दर्शन–अभ्यास विपरीत देखिने कुरा हुन् । ती कुराहरूको गोप्य सेवन हुने हुनाले बज्रयान गोप्य छ भनिन्छ ।

बज्रयान भित्र कुनै कुनै कुरा त असामाजिक तत्त्व लाग्न सक्ने पनि हुन्छन् । नग्न देव – देवीहरूको चित्र एवं मण्डलको प्रयोग हुनु, त्यति मात्रै होईन ती देव – देवीहरू आलिंगन मुद्रामा तथा यौन मुद्रामा आबद्ध हुनु आदि कुराहरू आपत्तिजनक एवं असामाजिक कृयाकलाप जस्तो लाग्ने कुराहरू हुन् । तसर्थ बज्रयान दर्शन र अभ्यास गुह्य छ भनिन्छ ।

बज्रयानका कुनै कुनै दर्शन र अभ्यास सुन्दा हेर्दा हतोत्साहित र अपत्यारिलो हुने पनि देखिन्छ । बज्रयानको कुनै कुनै अभ्यासमा अतिकाल्पनिक आकृति – सामान्य देखि असामान्य आकृति – मुख भने पशु तथा जनावरको जस्तो, शरीर भने मनुष्यको जस्तो, एकभन्दा बढि टाउको भएका र ती टाउकोहरू पनि फरक फरक रङ्गका, धेरै हात खुट्टाहरू भएका, अति सूक्ष्म बुट्टाहरूले सज्जित आभरणले युक्त देव – देवीहरूले युक्त पूरै मण्डललाई नटुटाईकन मानसपटलमा राख्नु पर्ने अर्थात् एकाग्रताका साथ ध्यान गर्नुपर्ने यी कुराहरू सुन्दा खेरि नै हतोत्साही हुने कसैकसैलाई विश्वास नलाग्ने हुनाले पनि बज्रयानका दर्शन र अभ्यास गुह्य छ भनिन्छ ।

कुनै कुनै अवस्थामा त बज्रयानको भाषा, शब्दावली, भाषाशैली आदि बुझ्नै नसक्ने बहु अर्थ लाग्ने, रहस्यात्मक हुने गर्दछ । अर्थ नलाग्ने शब्दावलीको प्रयोग, स्थानीय बोलीचाली भाषाको संमिश्रण, बहु अर्थलाग्ने गरी शब्दको प्रयोग, रहस्यमय ढंगबाट अभिब्यक्ति ब्यक्त गरिएकाले पनि बज्रयान गुह्य छ भनिन्छ ।

बज्रयानका कुनै कुनै अभ्यास चुनौतिपूर्ण एवं दुरुपयोग हुन सक्ने हुनाले पनि गुह्य राखिएको छ भनिन्छ । कुनै कुनै अभ्यासहरू कठिन, गल्ति भएमा मृत्यु हुन सक्ने, द्विविधा–दौर्मन उत्पन्न भएमा मानसिक सन्तुलन बिग्रन सक्ने, साधना सफल भएमा केही ऋद्धि–सिद्धि प्राप्त हुन सक्ने तर अष्टलोकधर्ममा परी बोधिचित्तको दृढतामा कमी आएमा ती ऋद्धि–सिद्धिको दुरुपयोग हुन सक्ने जसले गर्दा बहुजन हित र सुखको सट्टा बहुजन विनाश र दुःख हुन सक्ने हुनाले बज्रयानका प्रविधि र अभ्यास गुह्य छन् भनिन्छ ।

बज्रयान भित्रका उपरोक्त गुह्यतत्त्वहरूको कारणले बज्रयानका दर्शन तथा अभ्यास सर्वसाधारणलाई खुल्ला त छैन, एक प्रकारले गुह्य तर त्यस कारणले नै बज्रयानलाई गुह्ययान भनिएको हो भन्न मिल्दैन । उपरोक्त गुह्यतत्त्वहरू वास्तवमा योग्यता, दक्षता, क्षमता, दृढताका साथ बोधिचित्त भएकालाई गुह्य होइनन् ।

### १:४:२ बज्रयान भित्रका बाह्य र गुह्य देव – देवी

बज्रयान उद्भव हुनु भन्दा अघिका महायानले थुप्रै बोधिसत्वहरू

श्रृजना गर्‍यो भने पछि बज्रयानले थुप्रै देव–देवीहरू श्रृजना गर्‍यो । आज ती बोधिसत्वहरू र देव–देवीहरू नै बौद्ध देव–देवी (Buddhist Deities) का रुपमा परिचित छन् । बज्रयानद्वारा श्रृजित देव–देवीहरू मध्ये कुनै कुनै दिब्य वस्त्र आभूषणले सिंगारिएका छन् भने कुनै कुनै निर्वस्त्र अर्थात् वस्त्र विहिन नग्न र आभूषणले मात्र युक्त छन् । कुनै कुनै नग्न एवं युगलबन्दिमा छन् ।

वस्त्रले युक्त देव–देवीहरूका उदाहरणका रुपमा पञ्चबुद्ध, बज्रसत्व, बज्रधर, चार देवी–मामकी, लोचनी, पाण्डुरा र तारा, षोडश बोधिसत्व आदि, वसुन्धरा, उष्णीषविजया, पञ्चरक्षा देवी, नामसंगीति आदि लिन सकिन्छ । नग्न देव–देवी एवं युगलवन्दीहरूमा उदाहरणका रुपमा हेबज्र, नैरात्मा, चक्रसंवर, बज्रदेवी आदि पर्दछन् ।

आजकल बज्रयान बौद्ध समाजमा वस्त्रले युक्त पञ्चबुद्ध आदिलाइं बाह्य देव–देवी र वस्त्रले विहिन नग्न हेबज्र आदि देव–देवीहरूलाई गुह्य देव–देवीहरू भनेर मान्दछन् । यस्तो खालका बाह्य–गुह्य अवधारणाहरूमा कुनै शास्त्रीय आधार छैन ।

**१:४:३ बज्रयान भित्रका गुह्यशब्द र अर्थ**

बज्रयानमा प्रयोग भइ आइ राखेका त्यस्ता केही शब्द, वाक्य तथा नियमहरु छन् जुन सरसर्ती हेर्दा आधारभूत बौद्ध सिद्धान्तसँग मेल खाँदैन । उदाहरणको रुपमा पुनः एक पटक गुह्यसमाजतन्त्रमा उल्लेखित बज्रयानको अर्थलाई लिन सकिन्छ जुन पहिलो अध्याय अन्तगृत बज्रयानको अर्थ र परिभाषा नामक उपशीर्षकमा प्रस्तुत भइसकेको छ । (द्रष्टब्य पृ. ११ )

एक अर्को उदाहरण पनि प्रस्तुत गर्न गरिन्छ । आधारभूत बौद्ध सिद्धान्त अनुसार प्राणातिपात, अदत्तादान, काममिथ्याचार, मृषावाद र मद्यपान पाँच दुःशील अर्थात अनैतिक कार्य, गर्न नहुने कार्य हुन् जुन गरेमा शील भङ्ग भएको, नैतिकता पतन भएको मानिन्छ ।

उक्त पाँच दुःशीललाई बज्रयानमा एक सन्दर्भमा "पंचगुह्य" भनिएको छ । उक्त पंचगुह्यलाई बज्रयानका एक योगीले अर्थात् साधकले दैनिक रुपमा पालन गर्नु पर्दछ । पंचगुह्यलाई पालन गर्ने योगीलाई गुह्यराज वा गुह्यराः भनिन्छ ।

उपरोक्त पंचगुह्यको अर्थात पाँच दुःशील पालनाको वास्तविक अर्थ रहस्यात्मक छ, गुह्य छ जुन यस प्रकारका छन्ः–

योगीले दैनिक रुपमा श्वास-प्रश्वासका साथ एकचित्त हुनु अर्थात् ध्यान गर्नु प्राणातिपात गर्नु हो, मौनवस्नु मृषावाद हो, स्वयंले सर्वज्ञज्ञानभूमि ग्रहण गर्नु अदत्तादान हो, योगको क्रममा विन्दुपात गरी सुखानुभूति गर्नु काममिथ्याचार गर्नु हो र स्वास-प्रश्वासको माध्यमद्वारा प्रज्वलित अग्निको तापले निस्केको रसलाई पिउनु मद्यपान हो ।"

एवंरीतले बज्रयानमा प्रयोग गरी आइ राखेका सबै शब्द, वाक्य र नियमहरुलाई शाब्दिक दृष्टिकोण तथा सामान्य दृष्टिकोणले मात्रै अर्थ लगाई गलत अर्थ बुझ्न नहुने स्पष्ट छ । ती शब्द, वाक्य र नियमहरुको सन्दर्भ अनुसार विशेष अर्थ हुँदोरहेछ भनेर बुझ्नु पर्ने हुन्छ ।

## १:५ तथागतगर्भ र बज्रयान

बुद्धले सम्यक्संबुद्ध बन्ने माध्यम मात्रै बताउनु भएको होइन वहाँले सबै प्राणीमा "बुद्धबीज" अर्थात बुद्ध बन्न सक्ने क्षमता पनि छ, सबै प्राणीहरू बुद्ध बन्न सक्दछन् भनेर पनि बताउनु भएको छ भन्ने प्रारम्भिक महायानी (Early Mahayana) हरूको विचार हो । उक्त बुद्धबीजलाई "तथागतगर्भ" भनिन्छ । तथागतगर्भलाई शाश्वत मान्दछन् । तर सबैप्राणीहरूमा तथागतगर्भ निहित रहेको तथ्य कोही कोहीलाई थाहा हुन सक्दछ र कोही कोहीलाई थाहा नहुन पनि सक्दछ ।

---

" धुंतन संख्या १०, पृ. ४

*प्राणिनश्च त्वया घात्या वक्तव्यञ्च मृषावचः ।*
*अदत्तञ्च त्वया ग्राह्य सेवन परयोषितः ॥*

*पञ्चगुह्यराजत्वाद् वा गुह्यराद् । उक्तञ्चादिबुद्धेन -*

*योगी प्राणातिपात दिननिशि कुरुते प्राणनाशः स उक्तः*
*यः शब्दो वक्त्रहीन प्रभवति हृदयेऽसौ मृषावाद् एव ।*
*सर्वज्ञज्ञानभूमेर्ग्रहणमपि च यद् योगिनः स्तेयमुक्त*
*सौख्य बिन्दु (इ) प्रपाते भवति च परदारस्य सेवाऽविरागात् ।*
*प्राणायामानलेन द्रवमपि शशिनः पानक मद्यपानम् ।*

सबै प्राणीहरूमा शाश्वत तथागतगर्भ निहित हुन्छ भन्ने मूल्य मान्यतालाई पनि हृदयङ्गम गरी संभवतः पछिल्ला महायान (Later Mahayana) अर्थात् मन्त्रयानले सबै बुद्धहरूमा भएका ज्ञान र सबै प्राणीहरूमा भएका ज्ञानमा समानता देख्नुलाई समताज्ञान भन्यो । उही समताज्ञानका प्रतीक नै पंचबुद्ध मध्ये रत्नसंभव बुद्ध हुन् । बज्रयानमा गुरुले शिष्यलाई अभिषेक प्रदान गर्ने क्रममा शिष्यलाई उही पंचबुद्ध मध्ये वैरोचन बुद्ध मानेर "अमुक नाम तथागत भुर्भवस्व" भनेर नामाभिषेक अर्थात् नाम दिने गर्दछन् । वैरोचन बुद्धलाई कुनै ग्रन्थमा आदर्शज्ञान कुनै ग्रन्थमा सुविशुद्ध धर्मधातुज्ञानका प्रतीक भनी उल्लेख गरेका छन् ।

बज्रयानको सिद्धान्त र अभ्यास तथागतगर्भ सिद्धान्तमा पनि आधारित छ । तथागतगर्भको सिद्धान्तलाई बज्रयानले पूर्णरुपमा व्यवहारमा अर्थात् अभ्यासमा उतारेको छ भन्न सकिन्छ ।[४१]

### १:६ बज्रयानमा अभिषेक

बीजभित्र बीजत्व अर्थात् अंकुर आउन सक्ने, बोट उम्रिन सक्ने बीजले युक्त फल फल्न सक्ने, फल पाक्न सक्ने क्षमता त हुन्छ तर बीजलाई मल – जलले सिञ्चन गर्नु अत्यावश्यक छ । त्यो सिञ्चन कार्य प्रकृतिले गर्दछ या त कृषकले गर्दछ । जसले गरे पनि सिञ्चन अत्यन्त जरुरी छ । सिञ्चन गर्नु भनेको फल फल्नलाई उपयुक्त वातावरण बनाइदिनु हो, फल फल्न सक्ने क्षमतालाई प्रस्फुरण गर्नु हो, फल फल्ने अधिकार प्रदान गर्नु हो, सो अधिकारको सम्मान

---

४१ आफूमा तथागतगर्भ भएर पनि सो तथ्य थाहा नपाउनुका उपमाहरू तथागतगर्भसूत्रमा उल्लेख छन् । ती मध्ये केहि उपमाहरू निम्नानुसारका हुन् ।

१. माउरीको चाकामा मह हुन्छ भनेर थाहा नहुनु ।
२. बाह्य आवरण रूपी बोक्राभित्र अन्न हुन्छ भनेर थाहा नहुनु ।
३. विष्ठामा खसेको स्वर्णलाई छुट्याउन नसक्नु ।
४. पूर्खाले गाडि राखेको धनलाई नखोज्नु ।
५. आँपको बियाँको कुन भागबाट अंकुर निस्कन्छ थाहा नहुनु ।
६. यात्रुले स्वर्णमूर्तिलाई फुत्रो कपडाले बेरी यात्रा गर्दै जाँदा यात्रुको मृत्यु पश्चात् कसैले पनि उक्त फुत्रो कपडाको पोकोलाई खोलेर नहेर्नु ।
७. कुरूप गर्भवती आइमाइले आफ्नो गर्भमा रहेको लक्षणले युक्त पुत्रलाई अभागी ठान्नु ।
८. मूर्तिको साँचोभित्र रहेको स्वर्णमूर्तिलाई नदेख्नु ।

गर्नु हो. एक बीजबाट अनेक बीज उत्पादन गर्ने क्षमता तथा अधिकार सम्पन्न गर्नु पनि हो ।

प्रत्येक बीजमा बीजत्व भए झैं सबै प्राणीमा "बुद्धबीज" अर्थात् "तथागतगर्भ" निहित छ । तर उक्त बुद्धबीजलाई पनि सिञ्चन गरिराख्नु अत्यन्त जरुरी छ भन्ने बज्रयानको मान्यता देखिन्छ । त्यसकारण बज्रयानमा प्रवेश गर्न बज्रयान सिद्धान्तहरू अध्ययन गर्न, अभ्यास गर्न, निपुणता हासिल गर्न गुरुबाट शिष्यलाई सिञ्चनको आवश्यकता पर्दछ । उक्त सिञ्चनकार्यलाई बज्रयानमा "अभिषेक" भनिन्छ, "सेक" मात्र पनि भनिन्छ। "अभिषेक" प्राप्त शिष्यले निपुणता प्राप्त गरिसकेपछि आफू गुरु बनी अरु शिष्यहरू संग्रह गरि ती शिष्यहरूलाई बज्रयानमा प्रवेश गराउन अभ्यास गराउन, निपुणता हासिल गराउन पनि अभिषेक दिइन्छ । अभिषेक कै माध्यमबाट गुरु–शिष्य परम्परामा पनि प्रवेश गराइन्छ । गुरु–शिष्य परम्पराले बज्रयानलाई निरन्तरता प्रदान गर्दै आइराखेको छ ।

बज्रयानमा अभिषेक भनेको बज्रयानका विषय वस्तुमा प्रवेश, अध्ययन, दीक्षान्त र बोधिसत्व चर्यादेखि तथागत चर्याको अधिकार प्राप्त गर्नु एवं प्रदान गर्नु हो । अभिषेक उपरोक्त कुराहरूको चरणवद्ध प्रकृया पनि हो ।

बज्रयानमा अभिषेक धेरै प्रकारका छन् । ती धेरै प्रकारका अभिषेकका शीर्षकहरू मध्ये कुनै मूल विषयवस्तुमा आधारित छन् त कुनै अभिषेक अन्तर्गत आउने अन्य विषयहरूको संख्यात्मक गणनामा आधारित छन् । कुनै अभिषेक बज्रयानका देव–देवीहरूका नाममा आधारित छन् । बज्रधातु अभिषेक, धर्मधातु अभिषेक जस्ता शीर्षक अभिषेकहरू विषयवस्तुमा आधारित छन् । चक्रसंवर अभिषेक, हेवज्र अभिषेक, कालचक्र अभिषेक जस्ता अभिषेकका शीर्षक बज्रयानका देव–देवीहरूका नाममा आधारित छन् । उपरोक्त अभिषेकका अन्तर्गत संख्यात्मकरुपमा अन्य अभिषेकहरू पनि आउँदछन् । उदाहरणका लागि पञ्चाभिषेक, सप्ताभिषेक, एकादशाभिषेक आदि ।[१२]

---

१२ संख्यात्मकदृष्टिकोणले अभिषेकका प्रकार केही उदाहरणहरू –

त्रिअभिषेक – कुम्भ, गुह्य, प्रज्ञाज्ञान ।

पञ्चाभिषेक – उदक, मुकुट, वज्र घण्ट नाम ।

सप्ताभिषेक – तोय, मुकुट, पट्ट वज्रघण्ट, व्रत, नाम, आज्ञा ।

एकादशासेक – तोय, मौलि पट्ट, वज्रघण्ट, स्वाधिप, नाम, बुद्धाज्ञा, कलश, गुह्य, प्रज्ञा, वज्रपद ।

# अध्याय दुई

## बज्रयान समाधि

समाधि–योग त्यस्तो एउटै मात्र साधन हो जसबाट भावनामयी प्रज्ञाको साधना हुन्छ। प्रज्ञालाई बोधि पनि भनिन्छ। जगत हित गर्न बुद्ध बन्न सकुं भन्ने महान उद्देश्यले साधना गर्ने बोधिलाई सम्यक्सम्बोधि भनिन्छ भन्ने विषयमा अघि पनि चर्चा भइसकेको छ। बज्रयानका साधकले सम्यक्सम्बोधि साधनाका लागि पारमिताचर्यामा मात्रै सीमित नभई शमथ र विपश्यना ध्यानका अतिरिक्त अन्य प्रकारका समाधि-योगहरुलाई पनि साधनाका रुपमा अवलम्बन गर्दै आएको छ। विषय र ईष्ट देवको आधारमा ती समाधि-योगहरुका नामाकरण गरिएको छ।

### २:१ विषयमा आधारित समाधि-योगहरु

### २:१:१: चण्डालीयोग

साधकले आफ्नो शरीरमा रहेको अपान वायु र प्राण वायुको घर्षणबाट तेजो धातु (अग्नि) उत्पन्न गराएर बोधिचित्त उत्पन्न गर्ने क्रियालाई चण्डाली योग भनिन्छ। प्रत्याहार, ध्यान, प्राणायाम र धारणा योगाङ्ग पश्चात् नाभिस्थ निर्माण चक्रबाट चण्डाली प्रज्वलित हुन्छ।[1] प्रज्वलित चण्डाली धर्मचक्र र संभोगचक्र भेद गर्दै महासुखचक्रलाई स्पर्श गर्दछ। तत्पश्चात् बोधिचित्तरुपी रस प्रवाह हुन्छ। फलस्वरुप क्लेशावरण र ज्ञेयावरणबाट मुक्तचित्त अर्थात् सुविशुद्ध-धर्मधातु लाभ हुन्छ।

### २:१:२ उत्क्रान्तियोग

साधकले शिखा भेदन गरि प्राणवायुलाई आफ्नो शरीरबाट बाहिर पठाउने क्रियालाई उत्क्रान्तियोग भनिन्छ। साधकले आफ्नो मृत्युको सन्निकटाको पूर्वज्ञान प्राप्त गरी अन्य सबै द्वारहरु बन्द गरिकन हृदयस्थ

---

१ सेकोद्देश टीका, पृ. ४२।

*इह धारणाबलेन नाभिस्था चण्डाली ज्वलिता पश्यति योगी सर्वावरणरहिता ।*

चित्तयुक्त प्राणवायुलाई कुशलपूर्वक अवधूतिको मार्गबाट उष्णीषचक्र अर्थात् ब्रम्हरन्ध्र भेदन गरि अन्तराभवमा पठाईन्छ । यसरी उत्क्रान्तियोग साधनाबाट अन्तराभवमा पुगेको चित्तले अरुपावचर भूमिमा प्रतिसन्धि पाउँछ भनेर विश्वास गरिन्छ ।

## २:१:३ बल्यार्चनयोग तथा महाबल्यार्चनयोग

साधकले आफ्नो पञ्चेन्द्रिय र पञ्चविषयलाई दशदिग् पाल देवता आदि अन्य देवताहरुलाई अर्पण गर्नु क्रियालाई बल्यार्चन भनिन्छ । यो भन्दा पनि उच्च तहको गम्भीर बल्यार्चनयोगलाई महाबल्यार्चनयोग भनिन्छ ।

## २:१:४ श्मशानयोग

शरीरका प्रत्येक अंग प्रत्यंगलाई छुट्याई विभिन्न प्राणी, पशुपन्छि लगायत विभिन्न देव-देवीहरुलाई समर्पण गर्नुलाई श्मशानयोग भनिन्छ । शाधकले बल्यार्चन, महाबल्यार्चन तथा श्मशानयोगबाट विषयभोगमा अनाशक्ति, जगतहित, दानपारमिता हासिल हुन्छ भन्ने विश्वास छ ।

## २:१:५ महायोग तथा सूक्ष्मयोग

साधकले आफ्नो सामान्य चित्तलाई निर्विकल्प महासुखमय चित्तसम्म पुऱ्याउने क्रियालाई महायोग तथा सूक्ष्मयोग भनिन्छ । साधकले चित्तद्वारा कल्पित बीजाक्षरबाट मण्डल निर्माण गरी पुनः बीजाक्षरमै विलिन गरी बीजाक्षरलाई पनि नादमा परिणत गरी नादलाई पनि एउटा रोमको टुप्पोलाई शत-सहश्रकोटि भागमा विभाजन गरी निर्विकल्प महासुखमय चित्तलाई साक्षात्कार गर्दछ । साधकले यस महायोग र सूक्ष्मयोग साधनाबाट भाव र अभाव जस्ता विकल्परहित केवल महासुखमय चित्तलाई प्राप्त गर्दछ ।

---

: मकरंदयनन्त्र पाण्डुलिपि, पटल १९ ।

उपरोक्त समाधि-योगका अतिरिक्त पनि अन्य विषयसंग सम्बन्धीत थुप्रै शीर्षकका समाधि-योगहरु पाईन्छन् । उदाहरणको लागि बिन्दुयोग, महामुद्रायोग, महासन्धियोग, मायाकाययोग, स्वप्नयोग, प्रभास्वरयोग, अन्तराभवयोग, संक्रमणयोग आदि । ती योगहरु मध्ये चण्डालीयोग, मायाकाययोग, स्वप्नयोग, प्रभास्वरयोग, अन्तराभवयोग र संक्रमणयोगहरू तिब्बति बौद्ध परम्परामा नारोपाको छ धर्मयोगले प्रशिद्ध छ ।

### २:१:६ बिन्दुयोग

त्रिसमाधि अर्थात् आदियोग नाम प्रथम समाधि, मण्डलराजग्री नाम द्वितीय समाधि र कर्मराजग्री नाम तृतीय समाधि सम्पन्न गरि सकेपछि पनि साधकलाई चित्त स्थिर गर्न इच्छा छ भने बिन्दुयोग गर्न निर्देशन दिइएको छ । यो बिन्दुयोग साधकको नाभि कमल अर्थात् निर्माणचक्रको वीचमा रहेको सर्स्यूको प्रमाणको सूक्ष्म र सेतो बिन्दुसंग सम्बन्धित छ । त्यस भौतिक बिन्दुलाई बोधिचित्तरुपी बिन्दुमा निष्पत्ति गर्नु बिन्दुयोग हो । त्यस बोधिचित्तरुपी बिन्दु स्थीर भई रश्मिले युक्त रेखामा परिणत हुन्छ सो रश्मीबाट आध्यात्मिक अनन्त विश्व अवभासमान हुन्छ ।[३]

### २:२ इष्टदेवमा आधारित समाधि–योगहरु

बज्रयानमा समाधि योगाभ्यासको सिलसिलामा इष्ट देवको पनि कल्पना गर्नु पर्ने हुन्छ । फलस्वरुप ती इष्ट देव कै नामबाट पनि समाधिका नामाकरण भएको पाईन्छ । उदाहरणको लागि अक्षोभ्य तथागतलाई इष्टदेव बनाई गरिने समाधिको नाम नै अक्षोभ्य समाधि हो । एवं रितले चक्रसम्वर समाधि वा योग, हेबज्र समाधि वा योग, तारा समाधि वा योग, बज्रवाराहि समाधि वा योग आदिलाई बुझ्न सकिन्छ । अर्को उदाहरण लिउँ उत्क्रान्तियोगको । यो योगको मूल विषय प्राणवायुलाई उष्णीषचक्र अर्थात् ब्रह्मरन्ध्रबाट अन्तराभवमा पठाउनु

३ समदोंग रिपोछे व्रजवल्लभ द्विवेदी स महामायातन्त्रम्, वाराणसी दुर्लभ बौद्ध ग्रन्थ शोध योजना, केन्द्रीय उच्च तिब्बती शिक्षा संस्थानम्, १९९२ पारिशिष्ट महामायातन्त्रम पृ ५१ ।

हो । यस कार्यका लागि अमिताभ तथागतलाई इष्टदेव बनाएर पनि योग गरिन्छ ... वज्रवाराहीलाई इष्ट देवी बनाएर पनि गरिन्छ । उपरोक्त कुराबाट यो कुरा स्पष्ट हुन्छ कि वज्रयानका देव वा मण्डल अनुसार त्यत्तिकै समाधिका प्रकार हुन सक्नेछ ।

## २.३ वज्रयान समाधि–योगका क्रम, चरण तथा अंग

वज्रयानका समाधि-योगका प्रक्रियाहरूलाई विभिन्न दृष्टिकोणले नामाकरण गरिएका छन् । समाधियोगमा केही क्रमहरु छन् केहि चरणहरु पनि छन् । त्यस्तै नै समाधि-योगका अंगहरू पनि छन् जसलाई क्रमिक रुपमा अभ्यास गर्नु पर्ने हुन्छ । अझ कुनै कुनै समाधि–योग योगात्मक विधिमा मात्रै सीमित नभएको र त्यसका क्रियात्मक विधि (Rituals) हरु पनि पाईन्छ । ती योगात्मक र क्रियात्मक विधिलाई तन्त्र शब्द प्रयोग भएको छ ।

### २.३.१ समाधि–योगका क्रमहरु

समाधि-योगमा कम्तिमा पनि दुईवटा क्रम हुन्छन् । ती हुन्:- उत्पतिक्रम र निष्पन्नक्रम । उत्पतिक्रमबाट समाधि शुरु हुन्छ भने निष्पन्नक्रममा समाधि टुंगिन्छ ।

समाधि अभ्यासमा बीजाक्षरादिबाट मुख, भूज, वर्ण र संस्थानको कल्पना गरेर देवताकार निष्पति अर्थात् उत्पति गर्नुलाई उत्पत्तिक्रम भनिन्छ । ... मुखादि देवताकारको कल्पना रहित चित्तको सहज निर्विकल्प अवस्थालाई निष्पन्न वा उत्पन्नक्रम भनेर भनिन्छ ।[४] ती दुई क्रम समाधि-योगका प्रक्रियागत क्रमिक चरण वा तह हुन् । क्रमद्वय अर्थात् उत्पति क्रम (समुदय सत्य) र निष्पन्नक्रम (निरोध सत्य)मा आश्रित भएर वज्रधर (बुद्ध)ले धर्मदेशना दिनु भएको भनेर भनिन्छ ।[५]

... नरेश मान वज्राचार्य समाधि मण्डल भा १ अप्रकाशित। महेन्द्र संस्कृत विश्व विद्यालयमा बुझाएको शोध ग्रन्थ

... वल्लभ द्विवेदी ठिनलेगम ... म. बौद्धतन्त्रकोश भाग १ (सारनाथ : दुर्लभ बौद्धग्रन्थ शोध योजना केन्द्रीय उच्च तिब्बति शिक्षा संस्थान, १९९०), पृ. ३२ ।

५. ... वही ।

### २:३:२ त्रिसमाधि

बज्रयानका समाधि साधना सम्बन्धी समाधि वा त्रिसमाधि शीर्षकका स-साना केहि ग्रन्थहरु पाईन्छ जसलाई समाधि ग्रन्थ (Samadhi Literature) नामले परिचित गराउन सकिन्छ ।[७]

ती ग्रन्थमा समाधिलाई तीन चरणमा पनि विभक्त गरिएको छन् वा तीन प्रकारका समाधिलाई क्रमबद्ध एकत्रित गरिएको छन् भन्न सकिन्छ । त्यसर्थ त्रिसमाधि शब्द प्रयोग भएको छ । ती ग्रन्थका अनुसार समाधिका तीन चरण निम्नानुसारका छन् :- आदियोग नाम प्रथम समाधि, मण्डलराजग्री नाम द्वितीय समाधि र कर्मराजग्री नाम तृतीय समाधि । कर्मराजग्री नाम तृतीय समाधिको स्थानमा महायोगस्तृतीय समाधि पनि राखिएको पाईन्छ ।

### २:३:३ चतुर्विध उपाय

गुह्यसमाजतन्त्रका अनुसार बुद्धत्व साधनाका लागि चार प्रकारका उपाय(साधना)हरु छन् । ती हुन् :– सेवा, उपसाधन, साधन र महासाधन । सेवा पनि दुई प्रकारका छन् :– सामान्य सेवा र उत्तम सेवा । बज्रचतुष्कद्वारा सामान्य सेवा संपादन गरिन्छ । बज्रचतुष्क अन्तरगत क्रमशः शून्यताबोधि, बीजसंहृत, विम्बनिष्पत्ति र अक्षरन्यास आउँदछन् । ज्ञानामृतद्वारा उत्तम सेवा सम्पादन गरिन्छ । उत्तम सेवा सम्पादन कार्यमा षडंगयोग गरिन्छ ।

### २:३:४ षडंगयोग

बज्रयानमा योगका छवटा अंगहरु छन् । ती हुन् :– प्रत्याहार, ध्यान, प्राणायाम, धारणा, अनुस्मृति र समाधि । योगको दोश्रो अंग ध्यानका पाँच अवस्थाहरु छन् । ती हुन् :– वितर्क, विचार, प्रीति, सुख र चित्तएकाग्रता । यिनीहरुलाई पाँच प्रकारका ध्यान तथा पाँच ध्यान संग्रह पनि भनिन्छ । उपरोक्त

---

७ सेकोद्देश टीका, पृ ६२

योगका छवटा अंगहरुको क्रमशः अभ्यास पछि योग पूर्ण हुन्छ । ती अंगहरु योगका प्रक्रियागत क्रमिक चरण वा तहहरु हुन् ।[८]

सेकोद्देश टीकाकार सिद्ध श्री नादपाद (नरोपा)ले उपरोक्त सेवादिका चार उपाय र षडंगयोगको सम्बन्धलाई एक सन्दर्भमा निम्नानुसार उल्लेख गरेको छ ।

सेवा अन्तर्गत प्रत्याहार र ध्यान पर्दछ । ध्यान, वितर्क, विचार, प्रीति र अचलसुख यी पाँच प्रकारका ध्यानांगहरु हुन् । उपसाधन अन्तरगत प्राणायाम र धारणा आउँदछ । साधन अनुस्मृति हो भने महासाधन समाधि हो ।[९] चार उपाय र षडंगयोगको वीचको बुँदागत सम्बन्धमा सर्वदा एकरुपता नभएको देखिन्छ । सो साधनाका विषय अनुसार उपरोक्त चार उपाय र षडंगयोगको बुँदागत सम्बन्धमा हेरफेर हुन सक्ने देखिन्छ ।

**२:३:५ हठयोग :**

उपरोक्त चार उपाय एवं षडंगयोगबाट बोधि सिद्धि भएन भने हठयोगले साधना गर्नु भन्ने निर्देशन पाईन्छ । अनियन्त्रित प्राणवायुलाई हुँकार नादको अभ्यासले बलपूर्वक मध्यममार्ग (अवधूतिमार्ग)मा लाने लगायत अन्य थप यौगिक क्रियाद्वारा अक्षरक्षण (बुद्धत्व–निर्वाण) लाभ अर्थात् साधना हुन्छ ।[१०]

---

८ बौद्धेत्तर अन्य धर्मको सम्प्रदाय जस्तो कि नाथ सम्प्रदाय र प्राचीन वैष्णव सम्प्रदायमा पनि प्रत्याहारादि षडंगयोगको नाम उल्लेख भएको पाईन्छ । बौद्ध षडंगयोग र बौद्धेत्तर षडंगयोगको वीचमा केवल नाम मात्रै मिल्न आएको तर विषय वस्तु फरक छ ।

द्रष्टव्य : ठाकुरसेन नेगी, वज्रयानी अनुत्तरयोग, सारनाथ : दुर्लभ बोद्धग्रन्थ शोध योजना, केन्द्रीय उच्च तिब्बती शिक्षा संस्थान, १९९९, पृ. १०३ ।

९ उपरोक्त संख्या ५, पृ. ३९-४३ ।

१० द्वारिकादास शास्त्री (स.), श्रीगुह्यसमाजतन्त्रम्, वाराणसी : बौद्ध भारती, १९८४, पृ. १३६

*दर्शनं तु कृतेऽप्येव साधकस्य न जायते ।*
*यदा न सिद्धयते बोधिर्हठयोगेन साधयेत् ॥ १६२ ॥*

यो हठयोग एकल यौगिक प्रक्रिया पनि हो, एक प्रकारको योग पनि हो।

## २:४ समाधि-योगका क्रियात्मक तथा योगात्मक क्रमिक प्रक्रियाहरु

### २:४:१ क्रियातन्त्र :

स्नान आदि शारीरिक क्रिया, भू शोधन क्रिया, विभिन्न भौतिक सामग्रीहरुबाट मण्डल निर्माण, देव-देवीहरुको प्रतिमादि एवं वाह्यपीठ निर्माण तथा प्रतिष्ठा, पूजा, स्तुति, तर्पण, वल्यार्चन, होम, धारणी तथा मन्त्रजाप आदि जस्ता लौकिक तथा वाह्यविधि विधान क्रियातन्त्रका विषयहरु हुन्। समाधि जस्ता नितान्त मानसिक संपादन कार्यलाई क्रियात्मकरुपमा संपादन गर्न सक्ने गरि पनि क्रियातन्त्र अन्तरगत राखिएको छ।

क्रियातन्त्रोक्त विधि अनुसार वाह्य स्नान र शील संवर ग्रहणद्वारा काय तथा वाक् शुद्धि, एकाग्रचित्तद्वारा देव भावना, धारणी वाचन र मन्त्रजापद्वारा चित्तत्राण र चित्तशुद्धि गरिन्छ। सम्यक्संबोधिको कामना गर्ने मूल हेतुले गरिने सप्तविधानुत्तर पूजा[११] पनि पूर्व उल्लेखित काय वाक् चित्तद्वारा गरिन्छ। चिन्तनमयी र भावनामयी जस्ता आन्तरिक समाधिको अपेक्षा कायिक वाचिक समाधिलाई अत्यधिक जोड दिनु, अध्यात्मपीठ भन्दा वाह्यपीठलाई अत्यधिक अग्र स्थान दिनु, मानसिक पूजाको तुलनामा भौतिक पूजा सामग्रीको अनिवार्य प्रयोग गर्नु, निश्चित दिन पर्वकालमा साधना गर्नु आदि क्रियातन्त्रका केहि विशेषताहरु हुन्।

---

११ नरेश मान बज्राचार्य (स.), वर्द्धीग्नकृतभाष्योपेत नागार्जुनपादविरचित धर्मसंग्रह, प्रथम भाग, काठमाडौं: विरत्न प्रकाशन, वि.सं. [illegible] पृ. [illegible]।
सप्तविधानुत्तर पूजा – वन्दना, पूजना, पापदेशना, अनुमोदना, अध्येषणा, बोधिचित्तोत्पाद र पुण्यपरिणामना।

बजया

वज्रयान साधकले जगत हितार्थ उपाय स्वरुप क्रियातन्त्ररुपी साधनबाट साध्य अर्थात् सप्तबृद्धि[१२], अष्टसिद्धि[१३], अष्टऋद्धि[१४], पञ्चाभिज्ञा[१५] जस्ता सामान्य लौकिक सिद्धि देखि लिएर बुद्धत्व जस्ता उत्तम लोकोत्तर सिद्धिको साधना गर्ने गर्दछ ।

२:४:२ **चर्यातन्त्र** :

क्रियातन्त्रको विषय वस्तुहरुको अधिकमात्रामा र आन्तरिक समाधिको न्यूनमात्रामा प्रयोग हुने तन्त्रलाई चर्यातन्त्र भनिन्छ । अधिक र न्यूनमात्रामा मै भएपनि वाह्य विधि विधान र आन्तरिक समाधिको संमिश्रण भएकाले चर्यातन्त्रलाई उभय तन्त्र पनि भनिन्छ ।

क्रियातन्त्रमा आश्रित साधकले क्रमशः जगतहितार्थ थप उपाय स्वरुप चर्यातन्त्र रुपी साधनबाट सामान्य तथा उत्तम सिद्धिको साधना गर्ने, गराउने र गरिदिने गर्दछ । क्रियातन्त्रको अपेक्षामा चर्यातन्त्र उत्तम मानिन्छ ।

२:४:३ **योगतन्त्र**

आन्तरिक समाधिको अत्यधिक मात्रा र क्रियातन्त्रका विषयवस्तुहरुको न्यून मात्रामा प्रयोग हुने तन्त्रलाई योगतन्त्र भनिन्छ । चर्यातन्त्रको अपेक्षा योगतन्त्र उत्तम मानिन्छ ।

---

१२ अमोघवज्र वज्राचार्य (स), कलशार्चनादिहोमविधान (काठमाडौं : श्रीमती नंदकुमारी वज्राचार्य), पृ. १९ ।

सप्तवृद्धि :– आयु, यश, विद्या, सुख, जन, धन र सन्तान ।

१३ तत्त्वज्ञानसंसिद्धी : महासुख प्रकाशिका (टीकासहिता) (काठमाडौं : धर्मोदय सभा, वि.स. २०५३), पृ. २७ ।

अष्टसिद्धि – अंजन, गुटिका, पादुका, औषधि, मणि, मन्त्र, यक्षणी र परपुर प्रवेश आदि ।

१४ एजन ।

अष्टऋद्धि – अणिमा, लघिमा, गरिमा, ईशित्व, वशित्व, कर्तृत्व, भोज्यत्व, इच्छाप्रकामजा आदि ।

१५ एजन ।

पञ्चाभिज्ञा – दिव्यश्रोत, दिव्यचक्षु, परचित्तज्ञान, पूर्वेनिवासानुस्मृति र ऋद्धि विज्ञान ।

क्रियातन्त्र पश्चात् चर्यातन्त्रमा अभ्यस्त साधक क्रमशः जगतहितार्थ उत्तम उपाय स्वरुप योगतन्त्ररुपी साधनबाट सामान्य तथा उत्तमसिद्धिको साधना गर्ने गर्दछ ।

### २:४:४ अनुत्तरयोगतन्त्र :

क्रिया, चर्या र योगतन्त्रका विषयवस्तुहरुमा अलिकति पनि आश्रित नभई पूर्णरुपेण आन्तरिक समाधि योगको मात्रै विषय समावेश भएको तन्त्रलाई अनुत्तरयोग तन्त्र भनिन्छ । क्रिया, चर्या, योग र अनुत्तरयोग तन्त्रहरुमा पूर्वको अपेक्षा अपर अझ उत्तम मानिन्छ । तसर्थ पूर्व तीन तन्त्रको अपेक्षामा अनुत्तरयोगतन्त्र अत्युत्तम मानिन्छ । तर अपरको अपेक्षामा पूर्वलाई हीन भने मानिन्दैन । किनभने पूर्वपक्ष अपरपक्षका लागि सहायक हुन् । जस्तो शील समाधिका लागि पृष्ठभूमि हो भने समाधि प्रज्ञाको लागि पृष्ठभूमि हो ।

क्रिया, चर्या र योग तन्त्रका साधकले जगत हितार्थ अत्युत्तम उपाय स्वरुप अनुत्तर योग तन्त्ररुपी साधनबाट उत्तमसिद्धि बुद्धत्वको साधना गर्दछ ।[१६]

---

१६ क्रिया, चर्या, योग र अनुत्तरयोग तन्त्र सम्बन्धि थप जानकारीको लागि द्रष्टव्य पूर्ववत् सङ्ख्या ८, पृ १०३ ।

# अध्याय तीन

## बज्रयानमा पञ्चबुद्धको अवधारणा

मन्त्र सिद्धान्तद्वारा बज्रयान बौद्धधर्ममा हजारौं देव–देवीहरु श्रृजना गरिए । तर ती देव-देवीहरु श्रृजना हुनु भन्दा पूर्व पाँचजना बुद्धहरु सिर्जना भएका थिए । ती पाँचजना बुद्धहरु क्रमशः वैरोचन, अक्ष्योभ्य, रत्नसम्भव, अमिताभ र अमोघसिद्धि हुन् । ती पाँचजना बुद्धलाई समूहगत रुपमा "पञ्चबुद्ध"को नामले चिनिन्छ । यी पञ्चबुद्ध पञ्च तथागतको नामकले पनि प्रसिद्ध छन् । ती बुद्धहरु दीपंकर, विपश्वी, शिखि, क्रकुच्छन्द, कनकमुनि, काश्यप र शाक्यमुनि बुद्ध लगायत अतीतका अन्य बुद्धहरु जस्तै मानुषि बुद्धहरु होईनन् । ती पञ्च बुद्धहरु कल्पित मात्रै भएतापनि मानुषि रुपमा कल्पना गरिएका होईनन् । वहाँहरु अमानुषि हुन् । पञ्चबुद्धसँग मिल्ने नाम भएका अतीतका मानुषि बुद्धहरुपनि होलान् वा काल्पनिक बुद्धहरु पनि हुन सक्लान् । तर जहाँसम्म वैरोचनादि पञ्चबुद्धको सम्बन्ध छ ती काल्पनिक अमानुषि बुद्धहरु नै हुन् । अमानुषि बुद्ध भन्नुको मतलव मनुष्यमात्र होईन तर यस लोकको अन्य प्राणी वा कुनै अन्य लोकको प्राणी हुन भन्ने लाग्लान् तर त्यसो पनि होईन । वहाँहरु कुनै अन्य लोकमा पनि छैनन् ।

पञ्चबुद्ध मन्त्रयानले जन्मायो भने बज्रयानले यसको उपभोग गर्यो । पञ्चबुद्ध जगत् , बोधिसत्वचर्या, सम्यकसम्बुद्धत्व र निर्वाणका प्रतीक हुन; सम्पूर्ण बुद्धका ज्ञानकाय–धर्मकाय हुन, महान उपायकौशल्य पनि अर्को शब्दमा भन्नु पर्दा पञ्चबुद्ध एक सूत्र (Formula) हो जसमा जगत्–जीवन, बुद्ध र निर्वाण समेटिएका छन् ।[1]

---

[1] नरेश मान बज्राचार्य, पञ्चबुद्ध (काठमाडौं : तुल रत्न बज्राचार्य, पद्म केशरी बज्राचार्य, वि.सं. २०६०) भूमिका, पृ. ख ।

"जसले प्रतीत्यसमुत्पादलाई देख्दछ उसले बुद्धको (धर्म) लाई देख्दछ, जसले धर्मलाई देख्दछ उसले प्रतीत्यसमुत्पादलाई देख्दछ ।"[२] यस उक्तिलाई दार्शनिक दृष्टिकोणले भन्नुपर्दा प्रतीत्यसमुत्पाद नै बुद्धधर्म हो । बुद्धको धर्मले बुद्धलाई चिनाउँछ । त्यसैले प्रतीत्यसमुत्पाद रुपी धर्म नै बुद्ध हो, बुद्ध नै प्रतीत्यसमुत्पाद हो ।

प्रतीत्यसमुत्पन्न वस्तुको स्वभाव हुँदैन , निस्स्वभाव हुन्छ । निस्स्वभावको अर्को नाम शून्यता हो । शून्यता नै रुप हो रुप नै शून्यता हो । एवंरीतिले वेदना, संज्ञा, संस्कार र विज्ञानस्कन्धलाई जान्नु पर्दछ ।[३] तसर्थ प्रतीत्यसमुत्पाद नै शून्यता हो । प्रतीत्यसमुत्पाद, शून्यता, सद्धर्म र तथागत (बुद्ध) भन्नु एउटै हो ।[४]

प्रतीत्यसमुत्पन्न सम्पूर्ण विषयहरुलाई समग्र रुपमा गणना गर्दा पञ्चस्कन्धमा टुंगिन्छ । प्रतीत्यसमुत्पन्न भएकै कारण ती पञ्चस्कन्ध शून्यता हो । पञ्चस्कन्धलाई बुझेपछि बुद्धत्व लाभ हुन्छ । त्यसैले पञ्चस्कन्ध नै बोधिज्ञानको हेतु–प्रत्यय हुन् । पञ्चस्कन्धका प्रत्येक तत्व बुद्धकारक तत्व हुन् । प्रत्येक स्कन्ध र बुद्धमा समानता छ । स्कन्ध र बुद्ध दुई भिन्न (द्वय) होईनन बरु एउटै अद्वय हो । तथता अद्वययोगको दृष्टिकोणले पञ्चस्कन्ध नै पञ्चबुद्ध हुन् ।[५]

---

२ मज्झिम निकाय, महाहत्थिपदोपम सुत्त ।

३ पि.एल. वैद्य, महायानसूत्रसंग्रह प्रथम भाग ([illegible]), पृ.९७ ।

*यत्र शारिपुत्र रूपं शून्यता, शून्यतैव रूपम् । रूपान्न पृथक् शून्यता, शून्यताया न पृथग् रूपम् । यद्रूपं सा शून्यता, या शून्यता तद्रूपम् ॥ एवमेव वेदनासंज्ञासंस्कारविज्ञानानि ॥*

४ [illegible] नागार्जुन, [illegible] ([illegible] अखिल नेपाल महायान बौद्ध समाज [illegible]), पृ. [illegible]

*यः प्रतीत्यसमुत्पादः शून्यता सैव ते मता ।*

*तथाविधश्च सद्धर्मस्तत्समश्च तथागतः ॥*

५ पूर्ववत् [illegible]

*स्कन्धा एव हि बुद्धस्य बोधिप्रत्ययहेतवः ॥*

*तेऽपि तथागताः [illegible] ॥*

त्यसैले ती पञ्चवुद्धहरु अन्य दीपंकरादि बुद्धहरु भैं मानुषि वुद्ध होइनन् । ती पञ्चवुद्ध सम्पूर्ण मानुषि बुद्धहरुमा निहित रहेका हुन्छन् । पञ्चवुद्ध भनेको जीवन र जगतको वास्तविकता पञ्चस्कन्ध, प्रतीत्यसमुत्पाद, शून्यता तथता, अद्वय र बुद्धको अवधारणा हो ।

श्रावकयानको "प्रतीत्यसमुत्पाद नै धर्म हो" भने अवधारणा र पारमितायानको "प्रतीत्यसमुत्पाद नै शून्यता हो, शून्यता नै सद्धर्म र तथागत हो" भन्ने अवधारणा सिद्ध गर्ने शैलीबाटै बज्रयानले पनि "पञ्चस्कन्ध नै पञ्चबुद्ध हुन" भन्ने अवधारणा सिद्ध गरेको छ ।

पञ्चस्कन्धको अवधारणाको आधारमा पञ्चबुद्धको अवधारणा विकास भएको भने भैं पञ्चज्ञानको आधारमा पनि पञ्चबुद्धको अवधारणा बनेको छ । पञ्चज्ञान क्रमशः आदर्श, समता, प्रत्यवेक्षणा, कृत्यानुष्ठान र सुविशुद्धधर्मधातु ज्ञान हुन । ती ज्ञानहरु जसमा जीवन र जगतको वास्तविकता, पञ्चस्कन्ध र शून्यता, बुद्धत्व, बोधिसत्वचर्या र निर्वाण समेत समेटिएका छन् । यसरी पञ्चवुद्धको अवधारणा रुपी एक सूत्रबाट बौद्धदर्शन र अभ्यासलाई दर्शाउने यो एउटा महान उपाय कौशल्य पनि हो ।

पञ्चवुद्धको अवधारणालाई मूर्त रुप दिने कार्य मन्त्र सिद्धान्त अनुसार मन्त्रयानले गरेको छ । मन्त्रयानले पञ्चबुद्धको चित्र, मण्डल, धारणी, मन्त्र पूजा, अभिषेक, समाधि–योग, विधि–विधान निर्माण गर्दछ । उही पञ्चबुद्धको अवधारणा कै आधारमा अन्य अनेकौं देव–देवीहरुको अवधारणालाई अवलम्बन गरेका पाइन्छ ।

पञ्चबुद्धको अवधारणा पञ्चस्कन्ध र पञ्चज्ञान अतिरिक्त पञ्चस्कन्ध कै अन्तरगत आउने पञ्चमहाभूत र तिनका वर्ण, पञ्चस्कन्धात्मक देहका विभिन्न अंग, स्वभाव र तिनका विषय आदिसंग पनि सम्बन्धीत देखाएर व्याख्या गरिएको पाईन्छ । उदाहरणको रुपमा केही कुरा निम्नानुसार प्रस्तुत गरिन्छ :-

## ३:१ पञ्चमहाभूत, पञ्चरङ्ग र पञ्चबुद्ध

जगतको निर्माण कसरी भयो ? यो एक सबैको सामूहिक चासोको विषय हो । पृथ्वीतत्व, जलतत्व, तेजतत्व, वायुतत्व र आकाशतत्व पाँच तत्वलाई पञ्चमहाभूत भनेर भनिन्छ । यति पञ्चमहाभूतले नै यो जगत बनेको छ । सोही पञ्चमहाभूतले नै प्राणीहरुको शरीर पनि बनेको छ । सोही पञ्चमहाभूतले जगत र प्राणीहरुको शरीर (जीवन) बनि राखेको छ यो एक सत्यदर्शन हो । जगतको वास्तविकता हो । सोही पञ्चमहाभूतले जगत र जीवन बनिराखेको छ भन्ने थाहा दिलाउनको लागि नै "पञ्चबुद्ध"को कल्पना गरिएको हो ।

वैरोचनबुद्ध जलतत्वको, अक्षोभ्यबुद्ध आकाशतत्वको, रत्नसम्भवबुद्ध पृथ्वीतत्वको, अमिताभबुद्ध अग्नितत्वको र अमोघसिद्धिबुद्ध वायुतत्वका प्रतीक हुन् । जलतत्वको प्रतिनिधित्वको लागि वैरोचनबुद्धलाई सेतो रंगको रुपमा प्रस्तुत गरियो, आकाशतत्वको प्रतिनिधित्वको लागि अक्षोभ्यबुद्धलाई नीलो रंगको रुपमा प्रस्तुत गरियो, पृथ्वीतत्वको (पृथ्वीमा उम्रने वस्तु पाकेपछि पहेंलो रंगको हुन्छ) प्रतिनिधित्वको लागि रत्नसम्भवबुद्धलाई पहेंलो रंगको रुपमा प्रस्तुत गरियो, अग्नितत्वको प्रतिनिधित्वको लागि अमिताभबुद्धलाई रातो रंगको रुपमा प्रस्तुत गरियो र वायुतत्वको प्रतिनिधित्वको लागि अमोघसिद्धिबुद्धलाई हरियो रंगको रुपमा प्रस्तुत गरिराखेको छ ।[६] सुमेरु मण्डलको व्याख्याको क्रमम पृथ्वीमण्डललाई पीतवर्ण, अग्निमण्डललाई रक्तवर्ण र वायुमण्डललाई नीलवर्ण भनेर उल्लेख गरिएको छ ।[७] नीलवर्णको अर्थ सन्दर्भ अनुसार कुनै ठाउँमा नीलो,

---

६ बदी रत्न वज्राचार्य, अमोघपाश लोकेश्वर त्रिसमाधि (काठमाडौं कुलरत्न वज्राचार्य [illegible]; पृ ३३ ।

*ॐ वायुब्याय स्वाहा । हरित ।*

७ सुमेरुवर्णन (पाण्डुलिपि) ।

| | | |
|---|---|---|
| *वायुमण्डल* | *नीलवर्ण* | *,तदुपरि* |
| *अग्निमण्डल* | *रक्तवर्ण* | *,तदुपरि* |
| *जलमण्डल* | *श्वेतवर्ण* | *,तदुपरि* |
| *पृथ्वीमण्डल* | *पीतवर्ण* | *।* |

नाकले गन्ध सुँघेपछि सुगन्ध वा दुर्गन्ध भन्ने थाहा दिन्छ । सुगन्ध भएमा तृष्णा र दुर्गन्ध भएमा घृणा जागृत हुन्छ । तृष्णाले रागादि उत्पन्न हुन्छ भने घृणाले द्वेषादि उत्पन्न हुन्छ । त्यसैले गुह्यसमाजतन्त्र[10] र त्यसको टीका गुह्यसमाजतन्त्रप्रदीपोद्योतनटीकाषटकोटिव्याख्या[11] मा उल्लेख गरि राखेको अनुसार घ्राण इन्द्रिय र गन्धको प्रतीकको रुपमा अमिताभ बुद्ध भनेर उल्लेख गरिएको छ ।

कानले स्वर सुनिन्छ । त्यस्ता सुनेको स्वर घोक्रो हो वा सुरिलो हो भनेर छुट्याउँछ । त्यस्तो स्वर सुरिलो छ भने मन चञ्चल भएर त्यसमा तृष्णा भएर त्यसबाट राग उत्पन्न हुन्छ । घोक्रो स्वर छ भने मन खिन्न भएर त्यसबाट द्वेष उत्पन्न हुन्छ । रत्नसम्भव बुद्ध भनेको श्रोतेन्द्रिय र शब्दको प्रतीकको रुपमा गुह्यसमाजतन्त्र[12] र त्यसको टीका गुह्यसमाजतन्त्रप्रदीपोद्योतनटीकाषटकोटिव्याख्या[13] मा उल्लेख गरि राखेको छ ।

जिब्रो (मुख) ले रस अर्थात् स्वाद लिने कार्य गर्दछ । उक्त स्वाद मन पर्छ वा पर्दैन तथा मिठो नमिठो आदि अनुभव गराई दिन्छ । मन परेमा तृष्णा गरिन्छ जसको कारणले रागादि उत्पन्न हुन्छ । स्वाद मन नपरेमा घृणा गरिन्छ जसबाट द्वेष उत्पन्न हुन्छ । त्यसैले रसको ज्ञाता जिह्वा इन्द्रियको (जिब्रो/मुख)

---

१० पूर्ववत् संख्या ८, पृ. २१ ।

*गन्ध ज्ञात्वा तु त्रिविध देवताना निवेदयेत् ।*
*स एव भगवान् बुद्धो रागधर्मधर: प्रभु: ॥*

११ पूर्ववत् संख्या ९, पृ. ६४ ।

*तथा त्रिविधि गन्ध ज्ञात्वा विशिष्टबुद्धादीनाममिताभकुलीनाना निवेदयेन् उपढौकयेत् । स एवेति । गन्धौ नाम कश्चित् स एव धर्मधरोऽमिताभ ।*

१२ पूर्ववत् संख्या ८, पृ. २१

*शब्द त्रिविध विज्ञाय देवताना निवेदयेत् ।*
*स एव भगवान् बुद्धो बुद्धरत्नाकर: प्रभु: ॥*

१३ पूर्ववत् संख्या ९, पृ. ६५ ।

*तथैव त्रिविध शब्द श्रोतविषय ज्ञात्वा तत्र पणीत देवताना स्वकुलीनाना निवेदयेत् [illegible]*
*स एवेति । य: त्रि प्रकार शब्द स भगवान् रत्नकेतनन्य ।*

प्रतीक अमोघसिद्धि बुद्ध हो भनेर गुह्यसमाजतन्त्र[१३] र त्यसको टीका गुह्यसमाजतन्त्रप्रदीपोद्योतनटीकाषटकोटिव्याख्या[१४]मा यसरी स्पष्ट उल्लेख गरिएको छ ।

छाला (शरीर) ले वस्तुमा स्पर्श गर्दछ । स्पर्श भएपछि त्यसले वस्तुको गुण, तातो, चिसो, साह्रो, नरम आदि अनुभव गराइदिन्छ । त्यसबाट मनपर्नु, मन नपर्नु, हुन्छ, हुँदैन आदि अनुभूति गराइ दिन्छ । मन परेमा तृष्णादि उत्पन्न हुन्छ मन नपरेमा घृणा उत्पन्न गराई दिन्छ । यसरी स्पर्शको सम्बन्ध शरीरसंग हुने भएकोले त्यसको ज्ञानको प्रतीक भनेको नै अक्षोभ्य बुद्ध हो भन्ने कुरा गुह्यसमाजतन्त्र[१५] र त्यसको टीका गुह्यसमाजतन्त्रप्रदीपोद्योतनटीकाषटकोटिव्याख्या[१६]मा उल्लेख गरिएको छ ।

यसरी प्राणीहरुमा हुने पञ्च इन्द्रिय, पञ्च इन्द्रियले गर्ने कार्य, पञ्च इन्द्रियबाट थाहाहुने विषय, पञ्च इन्द्रियले अनुभूति गर्ने र पञ्च इन्द्रियबाट नै मोह, द्वेष, इर्ष्या, राग, मात्सर्य उत्पन्न हुन्छ भन्ने कुरा सत्य हो । जीवनको यो नै वास्तविकता हो । यस्तो कुरा दीपंकरादि शाक्यमुनि बुद्धहरुले बुझेर जानु भएका थिए । यही कुरालाई बुझ्नको लागि पञ्चबुद्धको कल्पना गरिएको हो ।

---

गुह्यसमाज तन्त्र पृ. २१ ।

*रसं ज्ञात्वा तु त्रिविधं देवताना निवेदयेत् ।*
*स एव भगवान् बिम्बो बुद्धो योऽमोघवज्रिमान् ॥*

गुह्यसमाज तन्त्र पृ. ६४

*रसमित्यादि । त्रिविध रसंज्ञात्वा तत्र प्रणीत देवतानां कर्मकुलीनाना निवेदयेत् यस्त्रिविधो रसः स भगवान् मोघसिद्धिरेव ।*

गुह्यसमाज तन्त्र संख्या ८ पृ. ३१ ।

*स्पर्शं ज्ञात्वा तु त्रिविधं स्वकुलस्य निवेदयेत् ।*
*स एव भगवान् वज्री अक्षोभ्याकारलाभिन ॥*

गुह्यसमाज संख्या ७ पृ. ६६ ।

*स्पर्शमित्यादि । तत्रैव त्रिप्रकार स्पर्श ज्ञात्वा प्रणीतेन स्वकुल निवेदयेत् तर्पयेत् । स एवेति यस्त्रिविध स्पर्श स एवाक्षोभ्य ।*

## ३:३ पाँच दिशा र पञ्चबुद्ध

यो जगत्मा दिशा र विदिशा गरेर जम्मा एघारवटा दिशाहरु छन् । त्यसमा पाँचवटा दिशा भनेको जस्तै वीच (मध्य), पूर्व, पश्चिम, दक्षिण र उत्तर दिशाको पत्ता नलगाइकन अरु विदिशाहरु आग्नेय, नैऋत्य, वायुव्य र इशानका साथै माथि र तलको दिशा छुट्याउन सकिन्न । त्यसैले उक्त एघारवटा दिशाहरु मध्ये पाँचवटा प्रमुख दिशा मानिन्छ । सोही पाँच दिशालाई प्रदर्शन गरेर अथवा पाँच दिशा अनुरुपले चैत्य र स्तूपमा अक्षोभ्य बुद्धलाई पूर्व दिशामा, रत्नसम्भव बुद्धलाई दक्षिण दिशामा, अमिताभ बुद्धलाई पश्चिम दिशामा र अमोघसिद्धि बुद्धलाई उत्तर दिशामा प्रदर्शन गरी देखाइएका हुन्छन् । वैरोचन बुद्धलाई मात्रै वीचको दिशामा (मध्यदिशामा) विद्यमान भइ राखेको छ भन्ने बुझेर लिनु पर्ने हुन्छ ।[१८]

## ३:४ पञ्चकुल र पञ्चबुद्ध

जीवन र जगत पञ्चमहाभौतिक र पञ्चस्कन्धात्मक भएकोले जीवन र जगतलाई पञ्चकुलात्मक भनेर पनि भनिन्छ । पञ्चबुद्धको नामलाई लिएर नै पाँच प्रकारको कुलको नामाकरण गरिएको छ । उक्त पाँचकुल (पञ्चकुल) भनेको वैरोचनकुल, अक्षोभ्यकुल, रत्नसम्भवकुल, अमिताभकुल र अमोघसिद्धिकुल हो ।

पञ्चकुललाई पञ्चबुद्धको चिन्हको रुपमा थाहापाउने चलन पनि छ । जस्तो कि वैरोचनकुललाई चक्रकुल, अक्षोभ्यकुलाई बज्रकुल, रत्नसम्भवकुललाई रत्नकुल, अमिताभकुललाई पद्मकुल र अमोघसिद्धिकुललाई विश्वबज्रकुल वा

---

१८ विनोयतोश भट्टाचार्य (सं.), निष्पन्नयोगावली (बरोदा ओरिन्टल इन्स्टच्यूट ई.सं. १९...), पृ. ४४–४५ ।

*मध्ये सिंहोपरि विश्वाम्भोजस्य कर्णिकाया भगवान वैरोचन ... पूर्वस्या दिशि वर्न्तीन्द्रोपरि विश्वपद्मस्य पष्करे ऽक्षोभ्य दक्षिणस्यामश्वपृष्ठे विश्वाम्बुजस्य कर्णिकायां रत्नसम्भवो पश्चिमाया मयूरोपरि विश्वसरोजस्य वरटके ऽमिताभो उत्तरस्या गरुडोपरि विश्वाम्भोजस्य कर्णिकायाममोघसिद्धिवज्रपर्यंकी ।*

खड्गकुल भनेर पनि भनिन्छ । गुह्यसमाजतन्त्रमा उपरोक्त पञ्चकुललाई क्रमश द्वेषकुल, मोहकुल, रागकुल, चिन्तामणिकुल र समयकुल पनि भनिने कुराको चर्चा गरिएको छ ।[१९]

पञ्चकुललाई स्कन्ध, धातु, वर्ण, ज्ञान र चरित्रको प्रधानताको हिसाबले निम्नानुसारको कुल भनेर नामाकरण गरेर व्यवहारमा चलि राखेको पाईन्छ । जस्तो रुपस्कन्ध, जलधातु, सेतोवर्ण, मोह चरित्र र आदर्शज्ञानको प्रधानता भएको वा हुने वस्तुलाई कुलत्रयकुल भनेर भनिन्छ । विज्ञानस्कन्ध, आकाशधातु, नीलवर्ण, द्वेष चरित्र र सुविशुद्धधर्मधातुज्ञानको प्रधानता भएकोलाई मन्त्रविद्याधरकुल भनेर भनिन्छ । संज्ञास्कन्ध, अग्निधातु, रक्तवर्ण, राग चरित्र र प्रत्यवेक्षणज्ञानको प्रधानता भएकोलाई लोकालोकोत्तरकुल भनेर भनिन्छ । वेदनास्कन्ध, पृथ्वीधातु, पीतवर्ण, मात्सर्य चरित्र र समताज्ञानको प्रधानता भएकोलाई लोकालोककुल भनेर भनिन्छ । संस्कारस्कन्ध, वायुधातु, श्यामवर्ण, कौसीद्य चरित्र र कृत्यानुष्ठानज्ञानको प्रधानता भएकोलाई महामुद्राकुल भनेर अद्वयपरमार्थनामसंगीति मूलग्रन्थमा भनिएको छ ।[२०]

उपरोक्त पञ्चमहाभौतिक, पञ्चस्कन्धात्मक र पञ्चज्ञानात्मक भईराखेकोलाई बज्रसत्वकुल र महोष्णीषकुल भनेर भनिन्छ । पञ्चकुलमा महोष्णीषकुल एउटा थपेपछि षटकुलात्मक भनिन्छ भनेर उपरोक्त ग्रन्थमा नै उल्लेख गरिएको पाईन्छ ।

---

[१९] पूर्ववत संख्या ८, पृ. २१ ।

*द्वेषमोहस्तथारागश्चिन्तामणि समयस्तथा ।*
*कुला ह्येते ते वै पञ्च काममोक्षप्रसाधका: ॥*

[२०] दिव्यबज्र बज्राचार्य (सं.), अद्वय परमार्थ नामसंगीति काठमाडौं : भूषण प्रकाशन), पृ.६ ।

*अथ शाक्यमुनिभंगवान् सभव मन्त्रकुल महत् ।*
*मन्त्रविद्याधर व्यलोक्य कुलत्रयम् ॥१॥*
*लोकलोकोत्तरकुल लोकलोककुल महत् ।*
*महामुद्राकुल चाग्र्य महोष्णीषकुलमहत् ॥२॥*

हाँगामा (पञ्चाकारमा) विकास हुन्छ ।[२३]

कलल अवस्था भनेको भ्रूणको प्रारम्भिक अवस्था हो । त्यसबेला भ्रुण च्याल जस्तो हुन्छ । त्यसपछि उक्त भ्रूण जम्न थाल्छ त्यसलाई अर्वुद अवस्था भनिन्छ । त्यसपछि सो भ्रूण एक ढिक्का हुन्छ जसलाई पेशी अवस्था भनिन्छ । त्यसपश्चात् सो ढिक्का कडाहुन थाल्छ जुन अवस्थालाई घनावस्था भनिन्छ । त्यसपछि सो कडा हुँदै गएको भ्रूण माछाको जस्तो आकार हुन्छ । त्यही माछा आकारको भ्रूणबाट पाँचवटा हाँगाहरु निस्कन थाल्छन् । ती पाँच आकारहरु एक टाउको, दुईवटा हात र दुईवटा खुट्टाको रुपमा विकसित हुँदै जान्छन् ।

कलल अवस्थालाई अक्षोभ्यको रुप भनिन्छ । अर्वुद अवस्थालाई रत्नसम्भव रुपमा लिईएको छ । पेशी अवस्थालाई अमिताभको रुपमा लिईएको छ । घन अवस्थालाई अमोघसिद्धिको रुप भनेर लिईएको छ । त्यस्तै नै पाँचवटा आकार (पञ्चाकार)को अवस्थालाई वैरोचन भनेर उल्लेख गरिएको पाईन्छ । यो कुरा सम्वरोदयतन्त्रमा उल्लेख गरिएको छ ।[२४]

### ३.६ यौगिकचक्र र पञ्चबुद्ध

योगको दृष्टिकोणले शरीरलाई छवटा चक्रमा विभाजन गर्ने चलन छ । ती चक्र यस प्रकारका हुन् : मणिवरटकचक्र, नाभिचक्र, हृदयचक्र, कण्ठचक्र, ललाटचक्र र उष्णीषचक्र । यहि ६ वटा चक्रको योगको माध्यमबाट बोधिचित्त उत्पन्न हुने हो । बोधिचित्तको कारणले अन्त्यमा बुद्धत्व लाभ गर्न सकिन्छ ।

---

२३. सम्वरोदयतन्त्र (पाण्डुलिपि) पटल तृतीय ।

*प्रथमं कललाकारमर्वुदञ्च द्वितीयकं ॥*
*तृतीय पेशीनोज्ञानञ्चतुर्थ घनमेवच ॥*
*वायुनापेप्यमाणान्य मत्स्याकारं च यद्भवेत् ॥*
*पचमानगनबीज पञ्चस्फोट प्रजायते ॥*

२४. ऐजन ।

*कललमक्षोभ्यरुपेण अर्वुदरत्नसम्भव ॥*
*पेशी अमिताभस्य घनो अमोघसिद्धय: ॥*
*प्रशाखा वैरोचन स्यापि पञ्चाकारनुवर्तयेत् ॥*

त्यसैले उक्त छवटा चक्रहरु मध्ये पाँचवटा चक्रमा प्रत्येकचक्रमा पञ्चबुद्धहरु मध्ये एक एक बुद्धको निवासस्थानको रुपमा वर्णन गरिएको पाईन्छ । ती यस प्रकारका छन्:- वैरोचनबुद्ध नाभिचक्रमा[25], अक्षोभ्यबुद्ध मणिवरटकचक्र (नाभिचक्र भन्दा पनि तल) मा[26], रत्नसम्भवबुद्ध कण्ठचक्रमा[27], अमिताभबुद्ध हृदयचक्रमा[28] र अमोघसिद्धिबुद्ध ललाटचक्रमा[29] विराजमान भई राखेको भन्ने उल्लेख गरिएको छ ।

नाभिचक्रलाई निर्माणचक्र, मणिवरटकचक्रलाई मूलाधारचक्र, कण्ठचक्रलाई संभोगचक्र, हृदयचक्रलाई धर्मचक्र, ललाटचक्रलाई महासुखचक्र र शिखाचक्रलाई उष्णीषचक्र पनि भनिन्छ ।

### ३:७ पंचबुद्ध र पंचबुद्धका चिन्हहरु

पंचबुद्धलाई जनाउने तथा प्रतिनिधित्व गर्ने पाँचवटा चिन्हहरु पनि छन् । जस्तो कि वैरोचन बुद्धको चिन्ह "चक्र" अक्ष्योभ्य बुद्धको चिन्ह "बज्र", रत्नसंभव बुद्धको चिन्ह "रत्न", अमिताभ बुद्धको चिन्ह "पद्म" र अमोघसिद्धि बुद्धको चिन्ह "खड्ग" एवं "विश्वबज्र" हो । पंचबुद्धको चित्रको सट्टा पंचबुद्धका चिन्हहरुको प्रयोग गरेर पनि मण्डल बनाइन्छ । यी चिन्हहरु पंचबुद्धको आशनको मध्यभागमा पनि अंकित गर्ने गरिन्छ भने कहिले काहीं ती चिन्हहरुलाई पंचबुद्धका आयुधका रुपमा पनि देखाइन्छ । ती चिन्हहरुका विषयमा

---

२५ पूर्ववत् संख्या १२, पृ. १४ ।

*नाभिचक्रे स्थितो वज्ररूपस्वभावो वैरोचनः ।*

२६ ऐजन ।

*मणिवरटकचक्रे निःस्यन्दानन्दशुक्ररूपवज्रधारणादक्षोभ्यो वज्रविज्ञानस्वभावः ।*

२७ ऐजन ।

*कण्ठचक्रे व्यवस्थितो रत्नसम्भवः, महासुखवेदकत्वाद वज्रवेदनास्वभावः ।*

२८ ऐजन ।

*धर्म(हृदय)चक्रम्, तत्र तन्महासुखलक्षणोऽमिताभसहजसंज्ञास्वभावः ।*

२९ ऐजन ।

*महामुद्राकुलममोघसिद्धिर्ललाटचक्रे स्थितः स्वसंवेद्यस्वभावो वज्रसंस्कारस्वभावः ।*

नामसंगीतिका टीकाकार आचार्य भिक्षु रविश्री ज्ञानले आर्यमञ्जुश्रीनामसंगीतिमा यसरी उल्लेख गरेकाछन् ।[२२]

त्रिभवको सुख र स्वच्छ चक्र हो उक्त सुखको अनुराग रत्न हो, क्लेशकोक्षय पद्म हो महाज्ञानकाय खड्ग हो र अभेद्य बज्र हो । उपरोक्त कुरालाई निम्नानुसार अर्थ्याउन सकिन्छ कि बज्रयानले संसारलाई निर्वाणको बाधक तत्व मान्दैन बरु निर्वाणको कारक तत्व मान्दछ । त्यसैले त्रिभव (तीन प्रकारका संसार) क्रमश: कामभव रुपभव र अरुपभव सबैतिरबाट स्वच्छ छ र सुखदायी छ भनेर मान्दछ । बैरोचन बुद्धको चिन्ह ''चक्र'' उही स्वच्छ र सुख द्योतक हो ।

उक्त स्वच्छ सुख प्रति अनुराग अर्थात् उक्त सुख प्राप्त गर्ने तीब्र इच्छालाई रत्नसंभव बुद्धको ''रत्न'' ले जनाउन्दछ ।

अमिताभ बुद्धको चिन्ह ''पद्म'' क्लेशावरणको क्षय अर्थात् सम्पूर्ण क्लेशको पूर्णरुपेण क्षयको द्योतक हो ।

क्लेशावरणको क्षयको साथसाथै ज्ञेयावरण क्षय भइसकेपछि प्राप्त बुद्धत्व नै महाज्ञान हो । उक्त महाज्ञानले युक्त काय नै महाज्ञानकाय हो । अमोघसिद्धि बुद्धको चिन्ह खड्ग (कहिं विश्वबज्र) उही महाज्ञान कायको द्योतक हो ।

अक्षोभ्य तथागतको चिन्ह "बज्र" उपरोक्त महाज्ञानकायको अनुत्पादता, अनिरोधता, अच्छेद्यता अभेद्यता आदिको द्योतक हो ।

### ३.८ पञ्चबुद्ध र पञ्चज्ञान

मन्त्रयानले जन्माएको पंचबुद्धको अवधारणा बज्रयानमा सर्वमान्य भएको छ । पंचबुद्धको अवधारणाबाट जगत, बोधिचित्त, बोधिचित्तोत्पाद,

---

२२ पूर्ववत् संख्या १२ पृ. १८

*चक्र स्वच्छ समन्तात्त्रिभव इति सुख रत्नमस्यैव राग: ।*
*पद्म क्लेशक्षयोऽसि: कुलिशमपि महाज्ञानकायो ह्यभेद्य: ॥*

संसार केवल कल्पना हो, छाँया हो, म र मेरो भन्ने केही पनि छैन केवल कल्पना मात्र हो भन्ने  ज्ञान समता ज्ञान हो । उक्त समता ज्ञानलाई सर्वधर्मनैरात्म्य ज्ञान भनिन्छ । यसको आधारमा तथागतहरुको र सम्पूर्ण प्राणिहरुको ज्ञान एउटै हो भनी समानतालाई जान्नु – देख्नुलाई समता ज्ञान भनिन्छ ।

आदिकाल देखि शुद्ध रहेको, अनुत्पन्न स्वभावको, उज्वल र परस्पर व्यापकज्ञानलाई प्रत्यवेक्षणा ज्ञान भनिन्छ ।

सम्पूर्ण बुद्धहरुले गर्नुभएको चर्यालाई अवलम्बन गरेर बुद्धमार्ग वा बोधिसत्वचर्या एवं तथागत चर्यामा प्रस्थान गर्ने ज्ञान वा प्रस्थान गर्नु कृत्यानुष्ठान ज्ञान हो ।

क्लेशावरण (मन पर्नु, नपर्नु आदिबाट उत्पन्न) र ज्ञेयावरण (नाना प्रकारका कल्पनादि) दुवैबाट मुक्त हुने, शुद्धमनलाई साक्षात्कार गर्नुलाई सुविशुद्धधर्मधातु ज्ञान भनिन्छ। कुनै कुनै ग्रन्थमा वैरोचनबुद्धलाई सुविशुद्धधर्मधातु ज्ञानका प्रतीकका रुपमा र अक्ष्योभ्यबुद्धलाई आदर्श ज्ञानका प्रतीकका रुपमा प्रस्तुत गरिएका छन् ।[३१]

---

३१ पूर्ववत् संख्या २० पृ. ७-८

# उपसंहार

सम्यक्संबुद्ध हुने महान उद्देश्यका कारण सम्यक्संबुद्धयानको पर्यायवाची शब्द बन्न पुगेको बज्रयानले बुद्धत्व प्राप्तिका लागि नवीनतम सिद्धान्त एवं उपायकौशलहरू समेतलाई स्वीकार एवं प्रयोग गरेको पाइन्छ । तत्कालीन समयमा विद्यमान अधिकतम विषयहरूलाई बज्रयानले भौतिक तथा आध्यात्मिक लाभका लागि आफ्नो विषय बनाउन चुकेन ।

बज्रयानले अँगालेको प्रज्ञारुपी शून्यता र चित्तमात्रता अनि उपायरुपी करुणा सिद्धान्तले तत्कालीन योगीहरू आकृष्ट भए र सिद्ध बन्न समेत सफल भए । ती योगीहरूले पनि आफुसँग भएको यौगिक एवं अन्य प्रविधिले बज्रयानलाई सम्पन्न पारे भन्दा अत्युक्ति नहोला ।

आधुनिक युगमा निकसित प्रविधिलाई उपायकौशलको रुपमा बज्रयानमा समावेश गर्न सकिन्छ कि सकिन्दैन ? आधुनिक बज्रयान तन्त्र रचना हुन सक्दछ कि सक्दैन ? यी कुराहरूमा बज्रयानीहरूको ध्यान आकृष्ट हुनु पर्ने देखिन्छ ।

पालि त्रिपिटकमा उल्लेखित "तथागतको धर्ममा केहि पनि "आचार्यमुष्टि" छैन" भन्ने बुद्ध वचन हरेक यान, निकाय, संप्रदायका पक्षधरहरूका लागि अन्यन्त हृदयस्पर्शी र मननीय हुनुपर्दछ । उक्त बुद्ध वचनले एकातिर तथागतगर्भ एवं सम्यक्संबुद्धयान वास्तविकरुपमा गुह्य छैन भन्ने कुरा स्पष्ट हुन आउँदछ. अर्कातिर बज्रयान भित्र गुह्य तत्वहरू नभएका भने होइनन् भन्ने पनि बुझ्न सकिन्छ । ती गुह्यतत्वहरू बहु अर्थ बोधक, रहस्यात्मक र रोमाञ्चकारी समेत भएकाले ती गुह्यतत्वहरूलाई उजागर गर्न अदम्य परिश्रमको जरुरी देखिन्छ ।

मन्त्रयानले जन्माएका पञ्चबुद्धको अवधारणा वज्रयानमा सर्वमान्य भएको छ । पञ्चबुद्धको अवधारणाबाट जगत, बोधिचित्त, [illegible] बोधिसत्व चर्या, बुद्धत्व एवं निर्वाणलाई ब्याख्या गरिएको छ । वज्रयान [illegible] कुनै छुट्टै भिन्न यान नभइकन मन्त्रनय र पारमितानयको एकात्मक [illegible] हो ।

बज्रयाठ

अद्वयज्ञानलाई बुझ्नु, उक्त ज्ञानलाई चिन्तनको विषय बनाउनु, उक्त ज्ञान प्राप्तिका लाई तीव्र इच्छा हुनु र कामूक पुरुषले अरु कुनै कुराको ख्याल नराखी काय, वाक, चित्तले र तन,मन र धनले वा अरु कुनैपनि प्रकारले पूर्णरुपमा स्त्रीसुखमा संभोगरत रहे झैं अद्वयज्ञानलाई पूर्णरुपले अविच्छिन्न साक्षात्कार गरिरहनु बुद्धत्व प्राप्तिको उपाय हो । उक्त उपायको नाम नै बज्रयान हो ।

अन्तमा बज्रयान बहुआयामिक भएका कारण यसको परिभाषा एक दुई वाक्यमा समेटिन नसकिने भएको छ । तसर्थ बज्रयानको परिभाषा श्रृङ्खलाबद्ध तन्त्रका आधारमा बुँदागत रुपमा पारिभाषित गर्नु पर्ने देखिन्छ । सो यस प्रकार गर्न सकिन्छः-

बज्रयान भनेको हेतु र फलको एकात्मक अभेद्य रुप हो ।

बज्रयान भनेको प्रज्ञा र उपायको एकात्मक अभेद्य रुप हो ।

बज्रयान भनेको शून्यतारुपी हेतु र परमाक्षरसुख (अक्षयसुख) फलको एकात्मक अभेद्य रुप हो ।

बज्रयान भनेको हेतु , उपाय र फल त्रिवेणी रुपको अभेद्य रुप हो ।

बज्रयान भनेको मार्ग र फलको एकात्मक–अभेद्य रुप हो ।

बज्रयान भनेको "बज्रसत्वयोग" हो ।

अद्वयज्ञान प्रज्ञा हो । काय, वाक् र चित्तले पूर्णरुपले प्रज्ञा प्राप्तिका लागी अविछिन्नरुपमा लागीरहनु उपाय हो । उक्त प्रज्ञा र उपायको अभेध रुप नै ब्रजयान हो ।

८. बज्राचार्य, धनबज्र - लिच्छविकालका अभिलेख, काठमाडौं : नेपाल एशियाली अनुसन्धान केन्द्र, २०५३

९. बज्राचार्य, दिव्यबज्र (सं.) - चःतुस्तवः, काठमाडौं : अखिल नेपाल महायान बौद्ध समाज, २०४३

१०. बज्राचार्य, दीव्यवज्र (सं.) अद्वय परमार्थ नामसंगीति, काठमाडौं : भूषण प्रकाशन

११. बज्राचार्य, नरेश मान (सं.), बद्रीरत्नकृतभाष्योपेतः नागार्जुनपादविरचितः धर्मसंग्रह : प्रथमो भागः काठमाडौं : त्रिरत्न प्रकाशन, वि.सं. २०६२

१२. बज्राचार्य, नरेश मान - समाधि संग्रह भा. १ महेन्द्र संस्कृति विश्व विद्यालयमा बुझाएको शोध ग्रन्थ (अप्रकाशित)

१३. बज्राचार्य, नरेश मान (सं.) - पञ्चबुद्ध, काठमाडौं : तुल रत्न बज्राचार्य, पद्म केशरी बज्राचार्य, वि.सं. २०६०

१४. बज्राचार्य, नरेश मान (सं.) - बद्रीरत्नकृतः चर्यागीतिविशुद्धिसंग्रह, काठमाडौं : प्रेम कुमारी बज्राचार्य, ने.सं. ११२३

१५. बज्राचार्य, बद्री रत्न - अमोघपाश लोकेश्वर त्रिसमाधि, काठमाडौं : कुलरत्न बज्राचार्य, २०५०

१६. बनारसीलाल (सं.) - आर्यमञ्जुश्रीनामसंगीतिः, सारनाथ : दुर्लभ बोद्धग्रन्थ शोध योजना, केन्द्रीय उच्च तिब्बती शिक्षा संस्थान, १९९०

१७. बैद्य, पि.एल. (स.) - महायानसूत्रसंग्रहः प्रथम खण्ड, दरभंगा : मिथिला विद्यापीठ, १९६१

१८. भट्टाचार्य, वेनायूतोश (सं.) - <u>अद्वयवज्रसंग्रह</u>, बरोडा : ओरियन्टल इन्स्टिच्यूट, १९२७

१९. भट्टाचार्य, वेनायूतोश - <u>एन इन्ट्रोडक्सन टु बुद्धिष्ट एसोटेरिज्म</u>, दिल्ली: मोतिलाल बनारसीदास, १९८०

२०. भट्टाचार्य, वेनायूतोश (सं.) - <u>निष्पन्नयोगावली</u>, वरोदा : ओरिन्टल इन्स्टिच्यूट, इ.सं. १९७२

२१. रिंपोछे, समदोंग, द्विवेदी, वज्रबल्लभ (सं.) - <u>महामायातन्त्रम्</u>, वाराणसी: दुर्लभ बौद्ध ग्रन्थ शोध योजना, केन्द्रीय उच्च तिब्बती शिक्षा संस्थानम्, १९९२

२२. शाशनी, ठिनलेराम (सं.) - <u>बौद्धतन्त्रकोश भाग २</u>, सारनाथ : दुर्लभ बौद्धग्रन्थ शोध योजना, केन्द्रीय उच्च तिब्बती शिक्षा संस्थान, १९९७

२३. शास्त्री, द्वारिकादास (सं.) - <u>श्रीगुह्यसमाजतन्त्रम्</u>, वाराणसी : बौद्ध भारती, १९९७

२४. शास्त्री, द्वारिकादास (सं.) - <u>बोधिचर्यावतार</u>, वाराणसी : बौद्ध भारती, १९८८

२५. स्नेलग्रोभ, डि. एल. - <u>दी हेवज्रतन्त्र</u>, लण्डन : अक्सफोर्ड यूनिभर्सिटि प्रेस १९८०

२६. सांकृत्यायन, राहुल - <u>पुरातत्व निबन्धावली</u>, इलाहावाद किताब महल १९५८